# बागमती गाउँपालिका
# सामाजिक परीक्षण

## आ.व. २०८०/०८१

**बागमती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
**भट्टेडाँडा, ललितपुर**
बागमती प्रदेश, नेपाल

**माघ २०८१**

# बागमती गाउँपालिकाको सामाजिक परीक्षण
## SOCIAL AUDIT OF BAGAMATI RURAL MUNICIPALITY

**आर्थिक सहयोग**

# बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भट्टेडाँडा, ललितपुर**
बागमती प्रदेश, नेपाल

प्राविधिक सहयोग/परामर्शदाता

**Helping Hands Consultancy & Resource Center Pvt. Ltd.**
**हेल्पीङ्ग् हयाण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि**
Madhyapur Thimi-3, Bhaktapur

## कार्यकारी सारांश

बागमती गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्न एवं जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन बार्षिक रुपमा सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोछ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय तह भएकोले स्थानीय तहसँग जनताका इच्छा आकाँक्षाहरु बढ्नु स्वाभाविक हो । स्थानीय तहले सम्पादन गर्ने काम कारबाहीमा पारदर्शीता र सेवाग्राहिप्रति जवाफदेहिता अभिबृद्धि गर्न तथा सुशासन कायम गर्न विभिन्न नीतिहरु अबलम्बन गर्दै आएकोछ । स्थानीयस्तरमा भए/गरेका काम कारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । बागमती गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा तर्जुमा गरेको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने र आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्य अनुरुप सामाजिक परीक्षण कार्यक्रम संचालन गर्नुको साथै यसको निष्कर्षलाई प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएकोछ ।

स्थानीय सरकार संचालनको पहिलो पाँच बर्षको अवधिमा संघीयताको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकार र संचालनका आधारभुत आधारशीला तयार भएकोछ । गाउँपालिकाले विकास र सुशासनको निमित्त विभिन्न कानुनको निर्माण गरी संस्थागत र संरचनागत विकास गरि रहेको अवस्थाछ । संगठन, जनशक्ति र कानुन जस्ता आधारभुत पक्षमा भएका कार्यहरुले नीति कार्यक्रम र बजेट कार्यान्वयनमा अघि बढेको देखिन्छ । यस गाउँपालिकाभित्र गरिएको छलफलको आधारमा समय र श्रोत साधनका कमीका कारण कतिपय साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्बेक्षण तथा बिश्लेषण गर्न नसकिएको भएता पनि बागमती गाउँपालिकाले समग्रमा आर्थिक रुपमा ८६% भन्दा बढी उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएकोछ । तथापि जनस्तरमा गाउँपालिका प्रतिको विश्वास र सेवा प्रवाहमा चुस्तता ल्याई यसको माध्यमबाट अझ प्रभावकारी, सरल र सहज बनाउन भने आवश्यक देखिन्छ । गाउँपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, गैसस, नीजी क्षेत्र तथा गाउँपालिकाबासी बीच साझेदारीमा बृद्धि गर्ने कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउनुपर्ने देखिन्छ ।

भौगोलिक रुपमा अत्यन्तै विकट रहेपनि गाउँपालिकासँग वडाहरुको सडक सिँधै सम्पर्क रहेको तथा गाउँपालिका र वडाको भौतिक पूर्बाधार प्रभावकारी रहेको देखिन्छ । गाउँपालिकाले आवधिक योजना बनाई

सोही अनुसार कार्य गर्नुको साथै स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा अघिल्लो वर्षको तुलनामा सुधारोन्मुख रहेको देखिन्छ । बागमती प्रदेशका स्थानीय तहहरुमध्ये स्वास्थ्य सेवामा उत्कृष्ट कार्य सम्पादन गरे वापत् गाउँपालिका पुरस्कृत भएको देखिन्छ । पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा भईसकेको अवस्थामा स्वास्थ्यका सुचकाङ्कहरु सुधारात्मक अवस्थामा रहेको देखिन्छ । गाउँपालिकाले स्वास्थ्य बीमा कार्यक्रममा सबै गाउँबासीहरुलाई समावेश गर्ने अभियान गर्दै दीर्घरोगी तथा आर्थिक रुपमा बिपन्न व्यक्तिहरुलाई सहयोग गरेको देखिन्छ । गाउँपालिकाको विद्यालयमा अभिभावकको सहभागीता प्रबर्द्धन गर्दै अतिरिक्त क्रियाकलाप निरन्तर संचालन गरिएको देखिन्छ । उद्यम विकास तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारीको सिर्जना गरिएको देखिन्छ । मिसन लसुन प्याज कार्यक्रम मार्फत कृषकलाई प्रत्यक्ष फाइदा पुगेको देखिन्छ । पशु स्वास्थ्य शिविर, पशुको स्वास्थ्य परीक्षण तथा उपचार कार्यक्रम प्रभावकारी रहेको देखिन्छ । विभिन्न सफ्टवेयरको प्रयोगद्वारा सेवा सुविधामा सहज बनाईएको, पेश्की फर्छ्यौटका लागि प्रयत्न गरेको, समयमा नै योजना तर्जुमा तथा गाउँ सभा सम्पन्न गरेको देखिन्छ । साथै गाउँपालिकाले सामाजिक परिचालनको कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयत्न गरेको देखिन्छ ।

गाउँपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सार्वजनिक सेवा सहज रुपमा नागरिकसम्म पुऱ्याउन कम्तीमा बार्षिक रुपमा एकिकृत घुम्ती शिविर संचालन गर्न सके प्रभावकारी हुने देखिन्छ । दीर्घकालीन फोहोरमैला ब्यवस्थापनको लागि लैण्डफिड साइड निर्माण, विपद्को पूर्व तयारीका कार्यहरु, योजनाको अनुगमन तथा मूल्याङ्कलाई ब्यवस्थित, अर्थपूर्ण जनसहभागीता, जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीको समयानुकुल क्षमता विकास, लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा पर्याप्त लगानी, खेतीयोग्य जमिनको संरक्षण तथा सिँचाइको उचीत प्रबन्ध, आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृति रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**अन्तमा,** सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरी सामाजिक परीक्षक तथा परामर्शदाताबाट अन्तिम प्रतिवेदन तयार गरिएकोछ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको बिश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरणको आधारमा भबिष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसको निष्कर्षले सघाउँनेछ । स्थानीय सरकारको समग्र सामाजिक उत्तरदायित्व परीक्षणको अभ्यास नौलो भएकाले अनुशिक्षण, तालिम, प्रचारप्रसार र समय सापेक्ष सुधारको आवश्यकता रहेको देखिन्छ । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सामाजिक जवाफदेहिता अभिबृद्धि हुने क्रियाकलापहरु नियमित रुपमा गाउँपालिकाको कार्यविधि अनुसार संचालन गर्न सके सार्वजनिक सेवा प्रति नागरिकको अपनत्व थप बृद्धि हुने देखिन्छ ।

# विषयसूची


| क्र.सं | विषयवस्तु | पेज नं. |
|---|---|---|
| **कार्यकारी सारांश** | | |
| १. | पृष्ठभूमि | १-२ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३ | अध्ययन विधि | ३-६ |
| ४ | अध्ययनका सीमा | ६ |
| ५ | बृहत् छलफल कार्यक्रमको विवरण | ६ |
| ६ | स्थानीय तह र विषयगत कार्यालय/गैरसरकारी संस्थाहरुको विवरण | ७ |
| ७ | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु | ७ |
| ८ | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु | ८ |
| ९ | सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु | ८-१४ |
| १० | अनुसूची-१, स्थानीय तहको विवरण अनुसूची-५ अनुसार | १५-३५ |
| ११ | अनुसूची-२, गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रियाबाट प्राप्त सुझाव | ३६-३९ |
| १२ | अनुसूची-३, स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजा | ४०-४१ |
| १३ | अनुसूची-४, बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा | ४२ |
| १४ | अनुसूची-५, सामाजिक परीक्षणमा उपस्थितिको माइन्यूटको प्रतिलिपि | ४३-४४ |
| १५ | अनुसूची-६, समुदायमा भरिएको फारामको नमूना | ४५-४६ |
| १६ | अनुसूची-७, सामाजिक परीक्षणको केही तस्वीर | ४७-४९ |
| १७ | अनुसूची-८, सामाजिक परीक्षणमा संलग्न ब्यक्तिको विवरण | ५० |

**श्री अध्यक्षज्यू**
**बागमती गाउँपालिका भट्टेडाँडा, ललितपुर**
**बागमती प्रदेश, नेपाल ।**

बागमती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भट्टेडाँडा ललितपुर र हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुरबीच बागमती गाउँपालिकाको आ.व.२०८०/०८१ को सामाजिक परीक्षण संचालन गरी प्रतिवेदन तयार गर्नको लागि भएको संझौता बमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षण कुनैपनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच एवं त्यसको सारांश तथा प्रतिवेदन तयारी गरिन्छ । फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन तथा कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । सामाजिक परीक्षण बर्षमा एकपटक गर्नुपर्ने व्यवस्था कार्यविधिमा रहेकोछ । यसका लागि स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध नभएको बिज्ञलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । कतिपय अवस्थामा समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।

बागमती गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहीता बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न सामाजिक परीक्षण संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुको उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेकोछ । कार्यविधि अनुसार आर्थिक बर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था रहेकोछ । उक्त व्यवस्था बमोजिम गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एकपटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका शैद्धान्तिक र व्यवहारिक

पक्षलाई समेट्दै स्थानीय सरकारका ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन तयार गर्ने विधिलाई सामाजिक परीक्षण भनिन्छ । कार्यालयको समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले स्थानीयबासीमा आर्थिक तथा सामाजिक विकासले गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी परिभाषित गरेकोछ । सामाजिक परीक्षण गर्दा गत आर्थिक बर्ष समाप्त भएपछि चालु आर्थिक बर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना बिशेषको थप सामाजिक परीक्षण गर्न सक्ने समेत व्यवस्था कार्यविधिले गरेकोछ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषयविज्ञहरु परिचालन गरी स्थानीय सरकारले गत आर्थिक बर्षको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

बागमती गाउँपालिकाको एक आर्थिक बर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षण संचालनको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- ✓ स्थानीय सरकारले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको बिश्लेषण गर्ने ।
- ✓ गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- ✓ गाउँपालिकालाई कार्यक्रम संचालन गर्दा भएका चुनौती, प्राप्त उपलब्धी, सिकाई तथा सार्वजनिक स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- ✓ गाउँपालिकाको गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरी भावी कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- ✓ लक्षित उद्देश्य पूरा भए/नभएको, बजेट सहि रुपमा खर्च भए/नभएको समिक्षा गर्दै स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरि संचालन गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

बागमती गाउँपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ/सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय सरकारले लागु गरेका कार्यविधिहरू, निर्देशिकाहरू, स्थानीय सरकारको बार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, बार्षिक योजना, कार्यपालिकाको निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात् गाउँपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र बिश्लेषण समेत गरी प्रतिवेदनमा समेटिएकोछ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट स्थानीय सरकारको सामाजिक उत्तरदायित्व बिशेष गरी सामाजिक परीक्षण सम्बन्धी कानुनी, नीतिगत ब्यवस्था, निर्देशिका, कार्यविधि, योजना लगायतका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ । बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसारका सामाजिक जवाफदेहिताका विधिहरु कार्यान्वयन गरिरहेका छन् । सोही कार्यविधि अनुरुप सामाजिक परीक्षण संचालन गरिएकोछ ।

### ३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रियाको विषयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी, विषयगत समितिका संयोजक लगायत नागरिक समाजका प्रतिनिधिको लागि एकदिने सामाजिक जवाफदेहिता विधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण **मिति २०८१ माघ १४** गते संचालन गरिएको थियो । बागमती गाउँपालिकाको सभा हलमा आयोजना गरिएको कार्यक्रममा **३६ जना**को सहभागीता रहेको थियो ।

### ३.३ सामाजिक परीक्षण समन्वय समिति परिचालन

बागमती गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न गाउँपालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरे बमोजिमको कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सबै जिम्मा परामर्शदाता मार्फत गरिएको थियो ।

### ३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

बागमती गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्रममा परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत समितिका पदाधिकारी तथा जनप्रतिनिधिसँग अर्धसंरचित अन्तरवार्ताबाट सूचना एवं तथ्याङ्क संकलन गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयका लागि सम्बन्धित शाखा प्रमुखहरूसँग छलफल गरिएको थियो । साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सर्न्दभमा प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएकोछ ।

### ३.५ समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, समूह केन्द्रीत छलफलबाट समेटिन नसकेका विषयहरूका लागि गाउँपालिका तथा विषयगत शाखाका कर्मचारी र सेवाग्राहीको सानो समूहमा छलफल गरी सूचना संकलन तथा छलफलको निष्कर्ष निकालिएको थियो ।

- मुख्य पदाधिकारी र कर्मचारीसँग अन्तरवार्ता (गापा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, सूचना अधिकारी, प्रशासन शाखा प्रमुख, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, पशु सेवा, महिला तथा बालबालिका जेष्ठ नागरिक शाखा, रोजगार सेवा केन्द्र, उद्यम विकास लेखा शाखा आदि)
- समूह छलफल (लक्षित समूह, उपभोक्ता समूह/समिति तथा सेवाग्राही)

### ३.६ स्थलगत अवलोकन तथा निरीक्षण

सामाजिक परीक्षणका क्रममा गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएकोछ । साथै गाउँपालिकाबाट विभिन्न क्षेत्रमा कार्यान्वयन भएका योजनाबाट सामाजिक तथा आर्थिक रुपमा पारेका प्रभाव, समस्या लगायतका विषयमा स्थलगत अवलोकन गरिएको थियो । जसको विस्तृत विवरण **अनुसूची-२** मा राखिएकोछ ।

### ३.७ प्रारम्भीक प्रतिवेदन प्रस्तुती तथा छलफल

गाउँपालिकाले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा बागमती गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची ५ र ६ को आधारमा अनुसूची ९ अनुसार प्रतिवेदन तयार गरिएकोछ । यसरी तयार गरिएको प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीत गरी सार्वजनिक बहस कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरू
- गाउँपालिकाको गत बर्षको मुख्य उपलब्धिहरू
- विगत एकबर्षमा गरिएका मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

## ३.८ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रतिवेदन विभिन्न चरणमा भएको छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण प्राप्त भए पश्चात् बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-९ अनुसारको ढाँचामा निम्नानुसार तयार गरिएकोछ :

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफलको कार्यक्रमको विवरण
- स्थानीय तहको विवरण (अनुसूची-५ र ६)
- सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु
- सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

## ३.९ प्रारम्भीक प्रतिवेदन प्रस्तुती

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-५, ६ र ९ अनुसारको प्रतिवेदन गाउँपालिकाद्वारा आयोजित भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रममा उपस्थित हुन गाउँपालिकाले प्रमुख सरोकारवालाहरू तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, लक्षित वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, बुद्धिजीवी लगायतसँग अन्तरक्रियाका लागि सार्वजनिक सुचनाद्वारा आह्वान गरिएको थियो । उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो :

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिता बारे जानकारी प्रदान गरिएको ।
- सामाजिक परीक्षकबाट कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको ।
- सहभागीहरुले गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधार, विकास योजनाहरूमा जनसहभागीताको अवस्था, समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू, बालबालिका, महिला, दलित, जनजाति, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई

मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारीता, सेवाको गुणस्तर, सेवा दिन लगायतको समय र कार्य सम्पादनको अवस्था, सामाजिक उत्तरदायित्व पूरा गर्न जनप्रतिनिधि तथा कार्मचारीले गर्नुपर्ने कार्य, गाउँपालिका तथा वडाहरुमा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयास र प्रभावकारीताको विषयमा छलफल भएको ।

- सामाजिक परीक्षण प्रारम्भीक प्रतिवेदन प्रस्तुतीमा उठेका विषयवस्तुहरू सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदनमा समावेश गरिएकोछ ।

## ३.१० प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

सामाजिक परीक्षकद्वारा सामाजिक परीक्षण प्रतिवेदन बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-९ अनुसार गाउँपालिकाको अध्यक्ष समक्ष पेश गरिएकोछ । गाउँपालिकाले सो सामाजिक परीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी मुख्य-मुख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) बिश्लेषण गरी सार्वजनिक गर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भबिष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्ने अपेक्षा लिइएकोछ ।

## ४. अध्ययनको सीमा

बागमती गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्षेत्र र सीमा निम्नानुसार रहेका छन् :

- गाउँपालिकाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको ।
- गाउँपालिकाले गरेको विकास आयोजनामा जनसहभागीताको स्थितिको अध्ययन गरिएको ।
- गाउँपालिकाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको । (*यसमा संघ, प्रदेश  र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।*)
- समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा बिश्लेषण गर्न सकिएको छैन तर पनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा बिशेष जोड दिइएकोछ ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क. मिति : २०८१ माघ १४ गते

ख. स्थान : गाउँपालिकाको सभाहल भट्टेडाँडा

ग. समय : दिउँसो १ बजेदेखि

## ६. स्थानीय तह र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-५ अनुसारको विवरणको सामाजिक परीक्षण प्रतिवेदनको ***अनुसूची-१*** मा राखिएकोछ । साथै गैरसरकारी संस्थाहरुसँग साझेदारीको कार्यक्रम संचालन नभएको हुँदा अध्ययनको क्षेत्रभित्र समेटिएको छैन ।

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- बागमती प्रदेशका स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुमध्ये आ.व २०८०/०८१ मा उत्कृष्ट कार्य सम्पादन गरे वापत् पुरस्कृत भएको ।
- पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा भएको ।
- स्वास्थ्यका सुचकाङ्कहरु सुधारात्मक अवस्थामा रहेको ।
- स्वास्थ्य बीमा कार्यक्रममा सबै गाउँबासीहरुलाई समावेश गर्न प्रेरित गरिएको ।
- १६ जना दीर्घरोगी तथा आर्थिक रुपमा बिपन्न ३८ जनालाई आर्थिक सहायताको लागि सिफारिस गरिएको ।
- विद्यालयमा ***जे देख्यो*** अभिभावक कार्यक्रमको कारण सचेतना अभिबृद्धि भएको ।
- हरेक बिहिवार ***बुक फ्री*** गरी विद्यालयमा ब्यवहारिक शिक्षा प्रदान गरिएको ।
- विद्यालयमा हरेक शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरिएको ।
- उद्यम विकास तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारीको सिर्जना गरिएको ।
- मिसन लसुन प्याज कार्यक्रमले १ सय २२ जना कृषकलाई प्रत्यक्ष फाइदा पुगेको ।
- वडा नं ४ मा संचालन गरिएको माटो परीक्षण शिविरबाट २ सय ४१ जना कृषकले प्रत्यक्ष सेवा लिएका ।
- करीब १ हजार ५ सय ब्यक्तिहरुलाई विभिन्न जातका बीऊ बिजन बितरण गरिएको ।
- पशु स्वास्थ्य शिविरबाट २ हजार ४ सय ९२ पशुको स्वास्थ्य परीक्षण तथा उपचार गरिएको ।
- गाउँपालिका क्षेत्रमा रहेका राजनैतिक दल र जनप्रतिनिधिहरुसँग नियमित सहकार्य र समन्वय हुने गरेको ।
- आन्तरिक आय बृद्धिका लागि सरोकारवालासंग अन्तरक्रिया छलफल र राजश्व सम्भाव्यता अध्ययन भएको ।
- विभिन्न सफ्टवेयरको प्रयोगद्धारा गाउँपालिकाको सेवा सुविधामा प्रभावकारीता बनाइएको ।
- गाउँपालिकाको आवधिक योजना तर्जुमा गरी सोही अनुसार कार्य गरिएको ।
- पेश्की फर्छ्यौटका लागि गाउँपालिका प्रयत्न गरेको ।
- समयमा नै योजना तर्जुमा तथा गाउँ सभा सम्पन्न भएको ।
- गाउँपालिकाले बार्षिक रुपमा सार्वजनिक सुनुवाई, लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट परीक्षण गरेको ।
- गाउँपालिकाको खर्च करीब ८६ प्रतिशत रहेको ।
- गाउँपालिकामा बालक्लब गठन तथा परिचालन भएको ।
- स्वरोजगारको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम तथा उद्यम विकास कार्यक्रम मार्फत कार्यक्रम संचालन गरिएको ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमीकमजोरीहरु

- गाउँपालिकाको चौमासिक तथा बार्षिक समिक्षाको कार्यक्रमलाई प्रभावकारी बनाउन नसकेको ।
- स्थानीय पाठ्यक्रम निर्माण गरिएको भएपनि प्रभावकारी कार्यान्वयन नगरिएको ।
- गाउँपालिकाले एकिकृत घुम्ती शिविर मार्फत समुदायमा गएर सेवा प्रवाहलाई व्यवस्थित नगराएको ।
- फोहोरमैला व्यवस्थापनको लागि लैण्डफिड साइड नभएको ।
- अनुगमन तथा मूल्याङ्कलाई समयबद्ध र सूचकमा आधारित नबनाइएको ।
- हरेक ठाउँमा अर्थपूर्ण जनसहभागीता घट्दै गएको ।
- कार्यक्रमको समय प्रभावकारी रुपमा सही समयको पालना नगरिएको ।
- गाउँपालिकाको योजनाको सार्वजनिक परीक्षण भएतापनि सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्ने औजारहरु (सार्वजनिक सुनवाई, सामाजिक परीक्षण) को प्रभावकारी र नियमित प्रयोग नभएको ।
- शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन नसकिएको ।
- जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीको समयानुकुल क्षमता विकास हुन नसकेको ।
- गाउँपालिकाको बार्षिक नीतिले सबै वर्ग तथा क्षेत्रलाई समेट्न नसकेको ।
- लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
- खेतीयोग्य जमिनको संरक्षण तथा सिँचाइको उचीत प्रबन्ध नगरिएको ।
- गाउँपालिका तथा वडामा स्तनपान कक्षको व्यवस्था नभएको साथै अन्य संरचनाहरु पनि लैससास र अपाङ्गतामैत्री हुन नसकेको ।
- सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
- आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृतिक रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

## ९. सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु

क. गाउँपालिका (समग्र)

- कान्ती लोकपथलाई प्राथामिक बैकल्पिक बाटोको रुपमा स्थापित गर्न यथाशीघ स्तरोन्नत्ती सहित निर्माण सम्पन्नको लागि संघ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय गर्नुपर्ने ।
- गाउँपालिकाको भौगोलिक कठिनाइलाई मध्यनजर गरी बजेट व्यस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाको प्यूटार-आश्राङ-गम्दी हुँदै महाँकाल जोड्ने बाटोलाई प्राथामिकीकरणको साथ बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्ने ।
- एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी रहेको हुँदा निरन्तरता दिनुपर्ने ।
- सेवाग्राहीलाई सेवामा सहजताको लागि गाउँपालिकामा सहायता कक्षको व्यवस्थापन गरी निरक्षर सेवाग्राहीलाई सेवा सहज बनाउनु पर्ने ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा अघिल्लो बर्षको तुलनामा सुधारोन्मुख देखिएको हुँदा नतिजा शत् प्रतिशत हुने गरी कार्य सम्पादन गर्नुपर्ने ।

- गाउँपालिकाको बार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीतिले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान दिनुपर्ने ।
- वडा, शाखा तथा गाउँपालिकामा चाहिने कर्मचारीको व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिका तथा सेवा लिने स्थललाई अपाङ्गतामैत्री बनाउनु पर्ने ।
- बागमती गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि २०७८ रहेकाले (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- शाखाको कार्यलाई प्रभावकारी बनाउन शाखा प्रमुखलाई पूर्ण जिम्मेबारी सहित काम गर्ने अधिकार दिनुपर्ने ।
- गाउँपालिकाको विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकीकृत रूपमा घरदैलोमा पुऱ्याउन एकिकृत घुम्ती शिविर कम्तीमा बार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- भवन निर्माण आचारसंहिता सहित अनिवार्य रुपमा लागू गर्नुपर्ने ।
- गाउँपालिकामा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नुपर्ने ।
- अन्य गाउँपालिकाबीच साझा चासोका विषय र कार्यक्रमको पहिचान गरी सहकार्य बढाउनुपर्ने ।
- गाउँपालिकाको लागि आवश्यक नीतिहरु समयमा बनाई प्रभावकारी कार्यान्वयन गराउनुपर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीको आचार संहिता कार्यस्थलमा देखिने गरी राख्नुपर्ने ।
- गाउँपालिकाको तर्फबाट उत्कृष्ठ सेवा प्रवाह गर्ने कर्मचारीलाई दिइएको पुरस्कारको व्यवस्थालाई व्यवस्थित गर्दै निरन्तरता दिनुपर्ने ।
- गाउँपालिकाले योजना तर्जुमा गर्दा रोजगारी र गरीबी निवारण लक्षित योजनाहरू समावेश गर्नुपर्ने ।
- कर्मचारी र जनप्रतिनिधिबीचको हार्दिकता बढाउनु पर्ने ।
- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि रहेको हुँदा सबै वडामा समिति गठन गर्दै प्रभावकारी कार्य संचालन गराउनु पर्ने ।
- गाउँपालिकाको आन्तरिक स्रोत बृद्धिमा दर भन्दा दायरा फराकिलो बनाउनुपर्ने ।
- वातावरणको संरक्षण एवं प्रबर्द्धन गरी पर्यटन विकासमा जोड दिने योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकाले सेवा प्रवाह निर्देशिका बनाई कार्यपालिका बैठकमा प्रस्तावको रुपमा नै सेवा प्रवाह प्रक्रियाको विषयलाई समावेश गरी छलफल गर्नुपर्ने ।
- गाउँपालिकाको बार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतीहरू अद्यावधिक गरी वेवसाइटमा राख्नुपर्ने ।
- स्थानीय सरकार संचालन ऐनले तोके अनुसार आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्ने ।
- गाउँ कार्यपालिकाको उपाध्यक्ष, सबै वडा अध्यक्षसँग गाउँपालिका अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुखसँग कार्य सम्पादन करार गरी नतिजामा आधारित कार्यलाई प्रोत्साहन तथा प्रभावकारी बनाउनु पर्ने ।
- आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग अनिवार्य गर्नुपर्ने ।

- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरु पहिचान गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सार्वजनिक सेवामा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग बढाउनु पर्ने ।
- गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट आर्थिक बर्षको शुरुमा नै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरूलाई जानकारी गराउनु पर्ने ।
- गैससस‌ँग प्रभावकारी रुपमा समन्वयमा कार्यक्रम संचालन गरी अनुगमन, मूल्याङ्कन र सहयोग गर्नुपर्ने ।
- गाउँपालिकाको अनुगमन, मूल्याङ्कन प्रणालीलाई व्यवस्थित तथा नतिजामा आधारित बनाउनु पर्ने साथै योजनाहरुको कार्यविधि अनुसार योजना स्थलमा नै सार्वजनिक परीक्षण गरी प्रतिवेदन पेश गरे/नगरेको विषयमा स्थलगत रुपमा प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- गाउँपालिका तथा मातहतका निकायमा नागरिक बडापत्र र उजुरी पेटिकालाई नागरिकको सहज पहुँचमा राखी प्रभावकारी र व्यवहारिक बनाउनु पर्ने ।
- सडकहरुको नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोषको प्रभावकारी प्रयोग गर्ने ।
- उपभोक्ता समितिले गरेको कामलाई दीगो बनाउन उपभोक्ता समितिलाई थप जिम्मेबार तथा जवाफदेहि बनाउनु पर्ने ।
- आवश्यकता अनुसार सार्वजनिक स्थलमा प्रतिक्षालय, पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माणको नीति लिई कार्यान्वयन गर्नुपर्ने ।
- बैंक तथा वित्तीय संस्थासँग सह लगानीमा उद्यम विकास कोष स्थापना गर्दै वित्तीय संस्थाको लगानीको निश्चितताको लागि निश्चित् प्रतिशत गाउँपालिकाले लगानी गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने ।

**<u>ख. स्वास्थ्य सेवा तर्फ</u>**

- ✓ प्रत्येक वडालाई पायक पर्ने गरी प्रसुती सेवा सहितको स्वास्थ्य सेवा स्थापना गर्नुपर्ने ।
- ✓ सरुवा तथा महामारीका रोगहरुको व्यवस्थापनका लागि स्वास्थ्य संस्थाका सेवाहरु विस्तार गर्नुपर्ने
- ✓ स्वास्थ्य संस्थाको स्तर अनुसार एक्स-रे, स्वास्थ्य प्रयोगशाला जस्ता न्यूनतम सेवा दिने उपकरण र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- ✓ स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तरमा बृद्धि गर्नुपर्ने ।
- ✓ विकट क्षेत्र, अपाङ्गता, अशक्त, असहाय बृद्धहरुलाई गाउँघरमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ आमा समूह तथा स्वास्थ्य संजाललाई सक्रिय बनाउनुपर्ने ।
- ✓ स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको नि : शुल्क औषधी सरल र सहजरुपमा पाउने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ सबै नागरिकको पहुँच हुने स्वास्थ्य बीमाको कार्यक्रमलाई बिस्तार गरी गर्नुपर्ने ।
- ✓ नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्बेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापनको विषयमा सचेतना कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्नुपर्ने ।
- ✓ जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

- ✓ किशोरावस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत सचेतनाको लागि बिशेष शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने ।
- ✓ स्वास्थ्य संस्थाहरुमा समेत सामाजिक परीक्षण अनिवार्य संचालन गराउनुपर्ने ।

**<u>ग. शिक्षा तर्फ</u>**

- विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यालय सुधार योजना प्रभावकारी बनाउनु पर्ने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- बर्तमान शैक्षिक अवस्थाको बिस्तृत अध्ययन गरी दीर्घकालीन शिक्षा गुरु योजना बनाई लागू गर्नुपर्ने ।
- शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शिक्षकलाई बिषय शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।
- परीक्षा प्रणालीमा सुधार गरी निरन्तर तथा आवधिक मूल्याङ्कन विधिलाई संस्थागत गर्दै प्रत्येक विद्यार्थीको सिकाई उपलब्धीको अभिलेख राख्नुपर्ने ।
- विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, नैतिक एबं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलब्ध गराउनु पर्ने ।
- विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गर्न थप सिकाईको अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिनुपर्ने ।
- विद्यालयमा आवश्यकता अनुसार शौचालय, घेराबारा, बालमैत्री एवं अपाङ्गमैत्री पूर्वाधार, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गर्नुपर्ने ।
- प्रत्येक विद्यालयमा निःशुल्क स्यानेटरी प्याडहरुको व्यवस्था सुविधा सहितको बालिका शौचालयको व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल प्रविधिका उपकरणहरु लगायत आधुनिक प्रविधिका शिक्षण सिकाईमैत्री उपकरणहरु जडान तथा उपयोग गर्नुपर्ने ।
- साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय बृद्धि गर्नुपर्ने ।
- माध्यमिक तह (९-१०) मा अनिवार्य विषय शिक्षकको ब्यवस्था मिलाउनु पर्ने ।
- सबै विद्यालयमा अनिवार्य स्वच्छ खानेपानीको ब्यवस्था मिलाउनुपर्ने ।
- न्यून विद्यार्थी भएका आधारभूत विद्यालयको समायोजन गर्दै दरबन्दी मिलान गर्नुपर्ने ।
- केही विद्यालयमा इ-हाजिरी प्रयोग भएको सन्दर्भमा सबै माध्यमिक विद्यालयमा समेत इ-हाजिरी अनिवार्य ब्यवस्थापन गर्नुपर्ने ।

**<u>घ. खानेपानी तथा सरसफाई</u>**

- ✓ बाढी तथा अन्य विपद्बाट उत्पन्न खानेपानी समस्या समाधानका लागि सुख्खाग्रस्त क्षेत्रमा खानेपानी ट्याङ्की वितरण, लिफ्ट र खानेपानी योजना संचालन गरी स्वच्छ खानेपानीको व्यवस्थाको कार्यक्रमहरु बनाउनुपर्ने ।
- ✓ गाउँपालिकाको खानेपानी तथा सरसफाइ गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- ✓ सबै घरधुरीलाई पाइपद्वारा स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्ने ।

- ✓ खानेपानीका निर्माणाधिन योजनाहरु पूरा गर्न प्राथमिकता दिनुपर्ने ।
- ✓ हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्नुपर्ने ।
- ✓ बजार क्षेत्रको फोहोरलाई व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन केन्द्र (लैण्डफिल साइट) को दीगो व्यवस्थापन गर्नुपर्ने ।
- ✓ बजारकेन्द्र तथा सार्वजनिक स्थलमा समेत सार्वजनिक र निःशुल्क शौचालयको ब्यवस्था गर्नुपर्ने ।
- ✓ खानेपानीको सदुपयोग तथा सरसफाइ सम्बन्धी जनचेतना जगाउन टोल विकास संस्था, आमा समूह, सहकारी संस्था तथा अन्य सरोकार समूह आदिलाई परिचालन गर्नुपर्ने ।

**<u>ङ. बालबालिका, महिला र समावेशी क्षेत्र</u>**

- तोकीएको समयसीमा भित्र बालमैत्री गाउँपालिका घोषणाको लागि सूचक पुरा गर्न आवश्यक बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने ।
- लैससास रणनीति तयार गरी स्थानीयस्तरमा रहेका संघसंस्थालाई सोको कार्यान्वयनको लागि समन्वय गर्नुपर्ने ।
- बालबालिका सम्बन्धी गाउँपालिकामा बनाइएको एकीकृत नीति अनुसार प्रभावकारी कार्य गर्नुपर्ने
- बञ्चितीकरणमा परेका जाति, वर्ग, लिङ्ग र समुदायको लागि विशेष क्षमता विकासका कार्यक्रम, आय र रोजगारीमूलक सीप विकास, नेतृत्व विकास, बित्तीय साक्षरता, सामाजिक सचेतना जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
- समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिनुपर्ने ।
- महिला, दलित, जनजाति एवं अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको क्षमता विकासमा बिशेष ब्यवस्था गर्नुपर्ने ।
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभीगता बढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गराउनु पर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, साँस्कृतिक, प्रशासनीक क्षेत्रमा सहभागीता सुनिश्चितता गर्न सामाजिक सुरक्षा र सकारात्मक विभेद सहितको संरक्षणको व्यवस्था मिलाउनु पर्ने ।
- सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गर्नुपर्ने ।
- सबै विद्यालय तथा समुदाय स्तरमा समेत बालक्लब गठन गर्दै बालक्लब संजालको नेतृत्व बिकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालन गर्नुपर्ने ।
- बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका बिभेद, दुर्व्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसारपसार जस्ता अपराध बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- बालबालिकाको लागि विद्यालय र वडास्तरमा आवश्यक बजेट विनियोजन गरी पार्क निर्माण, खेलकुद सामाग्री वितरण जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने ।
- कानुन अनुसार ज्येष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वडा एवं टोलस्तरमा उपलब्ध गराउनु पर्ने ।

- मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पूनर्स्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरुको प्रभावकारी संचालन गर्नुपर्ने ।
- वडा तथा गाउँपालिका स्तरीय बालबालिका महिला सञ्जाल गठन गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

**च. स्वरोजगार**

- उद्यम व्यवसायका लागि सहुलीयतपूर्ण कर्जा उपलब्ध गराउन नीतिमा नै समावेश गरी बित्तीय सस्थाहरुसँग सहजीकरण गर्नुपर्ने ।
- श्रममूलक प्रविधिको प्रयोग गरी स्थानीय विकास कार्यमा स्थानीय नागरिक परिचालन गर्नुपर्ने ।
- नीजी क्षेत्र, गैसस र विकास साझेदारहरुसँग समन्वय गरी रोजगारीका अवसरहरु बृद्धि गर्नुपर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा सिकेको सीप र उद्यमशीलताको गर्न बिशेष अनुदानका ब्यवस्था गर्नुपर्ने ।
- परम्परागत सीपको आधुनिकीकरण गरी रैथाने सीप र पेशाको व्यवसायीकरण गर्नुपर्ने ।
- रोजगार अभिबृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाउनु पर्ने ।
- उद्यम विकासको लागि गाउँपालिकाभर कार्यक्रम संचालन गर्नुपर्ने ।

**छ. कृषि, पशुपालन तथा सिँचाई**

- गाउँपालिकाके उत्पादन हुने क्षेत्रको संरक्षणको लागि आवश्यक नीति सहित योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- रैथाने बालीको संरक्षणको कार्यलाई निरन्तरता दिनुपर्ने ।
- अनुसन्धान केन्द्रबाट खरेडी वा सुख्खा सहन सक्ने जातका बिरुवा तथा बालीनालीको प्रचार गरी कृषकलाई आकर्षित गर्नुपर्ने ।
- कृषिका कार्यक्रमहरु अनुदानसँगै मागमा आधारित भई तर्जुमा गर्नुपर्ने ।
- कृषि र पशु बीमाको कार्यक्रमलाई प्राथमिकताको साथ लागू गर्नुपर्ने ।
- आधुनिक कृषि उपकरणको प्रयोगलाई अनुदान केन्द्रीत योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- मेला महोत्सबमा कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई ब्राण्डको रुपमा राख्न गाउँपालिकाले प्रोत्साहन गर्नुपर्ने ।
- व्यवसायीक खेती कार्यक्रम संचालन गर्न प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नुपर्ने ।
- कृषकलाई पर्याप्त अनुदानमा कृषि उपकरण, बिउ बिजन दिनुको साथै सबै वडाहरुमा कृषि सेवाकेन्द्र प्राविधिक सहित ब्यवस्थापन गर्नुपर्ने ।
- सहकारी र नीजि क्षेत्रसँग सहकार्य गरी कृषकलाई आवश्यक मल, बीउ लगायत कृषि सामग्री र औषधिको सुलभ उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।
- कृषकलाई सम्मान तथा प्रोत्साहन गर्दै सिचाई सुविधाको वैकल्पिक व्यवस्था मिलाउनु पर्ने ।
- रोगकिरा नियन्त्रणका लागि कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्नुपर्ने ।
- प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने ।
- कृषि ज्ञानकेन्द्रको सहकार्यमा घुम्ती कृषि पाठशाला कार्यक्रम संचालन गर्नुपर्ने ।

- तरकारीको लागि विभिन्न पकेट क्षेत्र बनाउनु पर्ने ।
- पशुपन्छी क्षति न्युनीकरणको लागि ब्यवस्थापन मिलाउनु पर्ने ।
- गरीब तथा विपन्न वर्गलाई जीविकोपार्जनका प्रत्यक्ष सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- पशु ब्यवसायलाई प्रबर्द्धन गर्न आवश्यकता अनुसार कृषकलाई अनुदान उपलब्ध गराउनु पर्ने ।
- उन्नत जातका पशुपन्छीको ब्यवसायिक पालन गर्नका लागि अनुदान तथा शुलभ ऋणको ब्यवस्था गर्नुपर्ने ।
- सहकारी र नीजी क्षेत्रसँग सहकार्य गरी उपचार सेवा, नश्ल सुधार र प्रविधि उपलब्ध गराउनु पर्ने
- पशुपन्छी आहारा र उन्नत घाँस उत्पादनलाई प्रोत्साहित गर्नुपर्ने ।
- दुग्ध तथा मासुजन्य बस्तुको लागि पकेट क्षेत्र बनाउनुपर्ने ।
- सिंचित क्षेत्रको दीगोपनाका लागि विशेष योजना बनाई लागु गर्नुपर्ने ।
- कृषि र पशुपालनको लागि पकेट क्षेत्रहरु मार्फत आयआर्जन बढाउने कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने ।
- पशु नश्ल सुधारको कार्यक्रमलाई नीतिमा नै समावेश गरी प्रभावकारी कार्यान्वयन गराउनु पर्ने ।

सामाजिक परीक्षकको नाम : **उमङ्ग मैनाली/नबराज प्रसाद हुमागाईं**
संस्थाको नाम (यदि संस्था भएमा) : **हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सि एण्ड रिसोर्स सेन्टर प्रा.लि, भक्तपुर**

**समाप्त**

# अनुसूची-१

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-५ अनुसारको विवरण

## १. गाउँपालिकाको परिचय

“कृषि पर्यटन र पूर्बाधार : सम्बृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार” भन्ने लक्ष्य लिएको गाउँपालिका २०७३ फाल्गुन २२ ललितपुर जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं १ प्रदेश सभा (ख) अन्तर्गतका




साविक सातवटा गा.वि.स.हरु क्रमस घुसेल, माल्टा, भट्टेडाँडा, प्युटार, इकुडोल, आश्राङ, गिम्दी मिलाएर बागमती गाउँपालिका घोषणा भएको थियो । १११.४९ कि.मि. स्क्वायर कुल क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा महाङ्काल गाउँपालिका, पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिका, दक्षिणमा मकवानपुर जिल्ला रहेका छन् । वि स २०७८ को जनगणना अनुसार कूल ११ हजार ३ सय ५३ जनसंख्या रहेकोछ । हिन्दु र बुद्ध धर्मको बहुल्यता रहेको गाउँपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेकोछ । ब्राम्हण, तामाङ, क्षेत्री, मगर, दमाइ, कामी, घले, ब्रह्मु लगायत जातिहरु रहेका छन् । यहाँ नेपाली भाषा पछाडि बोलिने अन्य भाषाहरुमा तामाङ र मगर रहेका छन् ।

गाउँपालिकाको बासिन्दाको आम्दानीमा दुध, धान, गहुँ, मकै, भटमास, तोरी, फापर, कोदो, दाल, केराउ, सिमि, बोडी, फर्सी, काँक्रा लगायतका कृषि र पशुपालन रहेको छ । शिक्षा नै समाजको चेतना बिकास गर्ने आधार भएकोले यस गाउँपलिका भरी आधारभुत एवम् मध्यामिक विद्यालय रहेका छन् भने स्वास्थ्य समस्याहरुलाई समाधान एवम् रोकथामका लागि प्रत्येक वडाहरुमा स्वास्थ्य संस्थाहरु रहेका छन् । गाउँपालिकाको बासिन्दाहश्रले मुख्यतयाः दशै, तिहार, कृष्ण जन्माष्टमी तीज, बुद्ध पुर्णिमा, लोसार लगायतका चाडपर्व मान्ने गरेकाछन् । माल्टाफाँट, भट्टेडाँडाको राडर क्षेत्र, सिद्धेश्वर महादेव, महाङ्कालस्थान मन्दिर, इकुडोलको माझखण्ड बुद्धबिहार, आश्राङको घ्याम्पे दह, गिम्दीको चमेरो गुफा जस्ता पर्यटकीय सम्भावना बोकेका ठाउँहरुलाई प्रचार प्रसार गर्न सकेमा बागमती गाउँपालिका हुँदै काठमाडौं र हेटौंडा जोड्ने छोटो दुरीको कान्ती लोकपथमा हिँड्ने मानिसहरुको प्रमुख पर्यटकीय गन्तव्यस्थल बिकास हुने देखिन्छ ।

## २. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू (बुँदागत रूपमा लेख्ने)

### क. लक्ष्य

बागमती गाउँपालिकाको आवधिक योजनामा समृद्ध र सुखी गाउँपालिकाको दीर्घकालीन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा तय गरिएको देखिन्छ । **बागमती गाउँपालिकाबासीको आय र जीवनस्तरमा गुणात्मक र दीगो सुधार ल्याउने** गाउँपालिकाको समष्टिगत विकासको मुल लक्ष्य रहेकोछ ।

### ख. प्राथमिकताहरु

- कृषि तथा पशुपालन
- सडक तथा यातायात
- पर्यटन
- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- वन संरक्षण तथा जलवायु अनुकुलन
- भूसंरक्षण
- ऊर्जा
- संचार
- बस्ती विकास
- युवा, खेलकुद, श्रम तथा रोजगार
- धार्मिक, सांस्कृतिक विकास

### ग. उद्देश्यहरु

- उत्पादन र आयमा गुणात्मक तथा दीगोपना बृद्धि गर्नु ।
- स्वस्थ्य, सिर्जनशील, सीपयुक्त, समावेशी र आत्मनिर्भर समाजको निर्माण गर्नु ।
- अन्तर आबद्धता, बजार तथा आधारभुत सुविधाको स्तर बृद्धि गर्नु ।
- वन वातावरण, जैविक विविधता, जलस्रोत र जमिनको दीगो उपयोग गर्नु ।
- सेवा सुविधा, कार्यसम्पादन तथा जवाफदेहीताको स्तर अभिबृद्धि गर्नु ।

### घ. रणनीतिहरु

- कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने ।
- पर्यटन, वनपैदावर एवं स्थानीय स्रोतमा आधारित उद्योग तथा व्यवसायको सिर्जना र विकास गर्ने ।
- गुणस्तरीय तथा व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी र सरसफाइ सुविधा, सशक्तिकरण तथा समावेशीकरण प्रबर्द्धन तथा सुनिश्चित गर्ने ।
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पूर्वाधारको विस्तार र स्तरोन्नती गर्ने ।
- स्थानीय शासन, विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, जलवायु तथा विपद् उत्थानशील र दीगो बनाउने ।

**ङ. गत वर्षको मुख्य उपलब्धीहरु (बुँदागत रूपमा लेख्ने)**

बागमती गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ कार्यान्वयन भएका योजनाहरुको विवरण निम्नानुसार रहेका छन् :

| क्र.सं | योजनाको नाम | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | आशिक भएको | |
| १ | शान्ति आ.बि.फर्निचर खरिद बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| २ | आश्रङवेशी सिरानबाट बागमती पुल जाने मोटरबाटो निर्माण बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |
| ३ | आस्था सहकारी अगाडी मोटरबाटो ढलान बागमती | भएको | | | गाउँपालिका स्तरीय |
| ४ | कलवन पाखाडाँडा मोटरबाटो निर्माण बागमती गापा-३ | भएको | | | गाउँपालिका स्तरीय |
| ५ | कलबन बिषडाँडा सानोचिला मोटरबाटो निर्माण बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| ६ | चिलागाँउ नयाँ ट्याक निर्माण बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| ७ | टोपीडाँडा मोटरबाटो स्तरोन्नती बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| ८ | डुमरे कालेडाँडा मोटरबाटो निर्माण बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| ९ | तलतलेडाँडा पर्यटकीय पथमार्ग प्रधानमन्त्री रोजगार कार्यक्रमसँग लागत साझेदारी बागमती गापा-४ | भएको | | | गाउँपालिका स्तरीय |
| १० | देउथान कामीटोल मोटरबाटो निर्माण बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| ११ | नमनडाँडा साविक ४ मोटरबाटो निर्माण बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |
| १२ | फुर्केडाँडा शाखा मोटरबाटो ढलान | भएको | | | गाउँपालिका स्तरीय |
| १३ | फुर्केडाँडा शाखा मोटरबाटो ढलान बागमती गापा-४ | भएको | | | गाउँपालिका स्तरीय |
| १४ | बालकल्याणदेखि आँपचौरबेशी जाने मोटरबाटो स्तरोन्नती बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| १५ | मोचेडाँडा नागटार मोटरबाटो निर्माण बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| १६ | यास्पा झोलुङ्गे पुल निर्माण बागमती | भएको | | | गाउँपालिका स्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | गापा-३ | | | | |
| १७ | रुम्बाटोल जाने मोटरबाटो निर्माण बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |
| १८ | बिध्यादिश्वरी दोबाटोदेखि नेगीटोल भालुखोला जाने मोटरबाटो स्तरोन्नती बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |
| १९ | काउसेबेशी तल्लोफाँट सिँचाई कुलो मर्मत बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| २० | भोटखोप खुर्मी बेशी सिँचाई मर्मत बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| २१ | माथिल्लो लुकुने गाँउ सिँचाई मर्मत संभार बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |
| २२ | चिलगाँउ खानेपानी आयोजना बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| २३ | बर्लाबोट सिँचाई ट्याङ्की बागमती गापा-४ | भएको | | | गाउँपालिका स्तरीय |
| २४ | प्रति वडामा एक लाखका दरले बृक्षारोपण कार्यक्रम | भएको | | | गाउँपालिका स्तरीय |
| २५ | बाजगाउँ अन्नटोल बस्ती संरक्षण बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| २६ | आशा मण्डली घेराबार बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| २७ | उर्गेन फनफिने गुम्बा निर्माण बागमती गापा-२ | भएको | | | गाउँपालिका स्तरीय |
| २८ | कालीदेबी मन्दिर पाटी निर्माण बागमती पाटी निर्माण बागमती गापा-२ | भएको | | | गाउँपालिका स्तरीय |
| २९ | गढी भञ्ज्याङ आ.बि.मेसिनरी वाल निर्माण | भएको | | | गाउँपालिका स्तरीय |
| ३० | जनक मा.बि.वाल निर्माण बागमती गापा-७ | भएको | | | गाउँपालिका स्तरीय |
| ३१ | थुम्की महाँकाल खोल्चा बस्ती संरक्षण बागमती गापा-३ | भएको | | | गाउँपालिका स्तरीय |
| ३२ | फुर्केडाँडा आ. बि.घेराबार निर्माण | भएको | | | गाउँपालिका स्तरीय |
| ३३ | बगुवा सामुदायिक स्वास्थ्य भवन निर्माण | भएको | | | गाउँपालिका स्तरीय |
| ३४ | बाघभैरव मन्दिर निर्माण बागमती गापा-६ | भएको | | | गाउँपालिका स्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | मानेगाँउ महाङ्गालखोला झगलकोट सम्मको मोटरबाटो/लिङिसिङ सत्य बुद्ध गुम्बाको/पाठफालादेखि सिसौटा सम्मको मोटरबाटोको डिपिआर निर्माण | भएको | | | गाउँपालिका स्तरीय |
| ३६ | यास्पादेबी मन्दिर निर्माण बागमती गापा-३ | भएको | | | गाउँपालिका स्तरीय |
| ३७ | राम मन्दिर निर्माण (अधुरो काम सम्पन्न) बागमती गापा-४ | भएको | | | गाउँपालिका स्तरीय |
| ३८ | लिङसिङ सत्य बुद्ध गुम्वा ढलान बागमती गापा-१ | भएको | | | गाउँपालिका स्तरीय |
| ३९ | वि.पि.स्मृती भवन | भएको | | | गाउँपालिका स्तरीय |
| ४० | सेतीदेबी मन्दिर निर्माण बागमती गापा-५ | भएको | | | गाउँपालिका स्तरीय |
| ४१ | प्रशासकीय भवन तथ कर्मचारी आवास सम्पन्न | भएको | | | गाउँपालिका स्तरीय |
| ४२ | महाभिर पान्चे घट्टेखोला मोटरबाटो नयाँ ट्याक निर्माण | भएको | | | वडा नं १ |
| ४३ | सौराटोल गोरेटो बाटो ढलान | भएको | | | वडा नं १ |
| ४४ | खानीभञ्ज्याङ्ग महत गोठ गोरेटो बाटो ढलान | भएको | | | वडा नं १ |
| ४५ | चिहानडाँडा चिहानपाटी निर्माण | भएको | | | वडा नं १ |
| ४६ | झाँगलकोट आ.वि.मा ट्रस्ट निर्माण | भएको | | | वडा नं १ |
| ४७ | भाँगलकोट आ.बि.को चौर मर्मत संभार | भएको | | | वडा नं १ |
| ४८ | झँगलकोट देवीथानमा पाटी निर्माण | भएको | | | वडा नं १ |
| ४९ | कालीदेबी महिला समुहको भवनमा झ्यालढोका फिटिङ्ग | भएको | | | वडा नं १ |
| ५० | स्वास्थ्य चौकी व्यवस्थापन | भएको | | | वडा नं १ |
| ५१ | देबिथान देखि माल्टाफाँट कोटाघेरो मोटरबाटो मर्मत | भएको | | | वडा नं १ |
| ५२ | छोकर टयाङ्की निर्माण | भएको | | | वडा नं १ |
| ५३ | झोलुङ्गे पुलदेखि खसिलुके गोरेटोबाटो निर्माण | भएको | | | वडा नं २ |
| ५४ | ढुङ्गेपानी महिला भवन निर्माण | भएको | | | वडा नं २ |
| ५५ | दलित वस्ति खानेपानी ट्याङ्की निर्माण | भएको | | | वडा नं २ |
| ५६ | पाहाखोला महिला भवन निर्माण | भएको | | | वडा नं २ |
| ५७ | पिपलबोट पँधेरो संरक्षण | भएको | | | वडा नं २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | ज्ञानज्योती आ.बि. भ्यालढोका फिटिङ्ग | भएको | | | वडा नं २ |
| ५९ | ज्ञानज्योती आ.बि. भ्यालढोका फिटिङ्ग तथा बिद्यालय व्यवस्थापन | भएको | | | वडा नं २ |
| ६० | बालचन्द्र आ.बि.मर्मत | भएको | | | वडा नं २ |
| ६१ | पुरानो भवन हटाउँने तथा वडा कम्पाउण्ड निर्माण | भएको | | | वडा नं ३ |
| ६२ | अन्तरेडाँडा तिनचुले मोटरबाटो निर्माण | भएको | | | वडा नं ३ |
| ६३ | भट्टेडाँडा बाटो मर्मत | भएको | | | वडा नं ३ |
| ६४ | मार्पनडाँडा मोटरबाटो निर्माण | भएको | | | वडा नं ३ |
| ६५ | यास्पा पाङदुर गोरेटो बाटो निर्माण | भएको | | | वडा नं ३ |
| ६६ | पधेरो चौर बिद्युत व्यवस्थापन | भएको | | | वडा नं ३ |
| ६७ | खानेपानी पाइप खरिद तथा वितरण | भएको | | | वडा नं ३ |
| ६८ | खानेपानी व्यवस्थापन | भएको | | | वडा नं ३ |
| ६९ | फोहोर व्यवस्थापन तथा बजार सरसफाई कार्यक्रम | भएको | | | वडा नं ३ |
| ७० | चण्डेश्वरी मन्दिर द्रष्ट निर्माण | भएको | | | वडा नं ३ |
| ७१ | वडा स्तरीय गोरेटो बाटो निर्माण | भएको | | | वडा नं ३ |
| ७२ | बागमती आ. वि. कम्प्युटर खरिद | भएको | | | वडा नं ४ |
| ७३ | देउराली स्कुल जोड्ने मोटरबाटो निर्माण | भएको | | | वडा नं ४ |
| ७४ | देउराली हुदैं लेकटोल जाने मोटरबाटो निर्माण | भएको | | | वडा नं ४ |
| ७५ | थाङसिङटार चौतारा निर्माण | भएको | | | वडा नं ४ |
| ७६ | प्युटार खेल मैदान निर्माण | भएको | | | वडा नं ४ |
| ७७ | इकुडोल उकालो सोलिङ | भएको | | | वडा नं ५ |
| ७८ | चिलाभञ्ज्याङ थुम्का मोटरबाटो | भएको | | | वडा नं ५ |
| ७९ | धारे ओम मोटरबाटो निर्माण | भएको | | | वडा नं ५ |
| ८० | धारे सिउरेडाँडा क्षेत्रीगाउँ मोटरबाटो | भएको | | | वडा नं ५ |
| ८१ | वडा भरीको मोटरबाटो मर्मत | भएको | | | वडा नं ५ |
| ८२ | बेतिनी ग्याविन निर्माण | भएको | | | वडा नं ५ |
| ८३ | वडा भरिको इन्टेक निर्माण | भएको | | | वडा नं ५ |
| ८४ | सिस्नुघारी खानीडाँडा ट्याङ्की निर्माण | भएको | | | वडा नं ५ |
| ८५ | चुवारखोला खेल मैदान मर्मत | भएको | | | वडा नं ५ |
| ८६ | सल्लेडाँडा माने मर्मत | भएको | | | वडा नं ५ |
| ८७ | मगल हुदैं मजुवा पुल जाने मोटरबाटो निर्माण | भएको | | | वडा नं ६ |
| ८८ | सालघारी नेगी टोल मोटरबाटो | भएको | | | वडा नं ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्ततरोन्नती | | | | |
| ८९ | आश्राङ वेशी खानेपानी समितिको लागि पाइप खरिद | भएको | | | वडा नं ६ |
| ९० | तल्लो आश्राङ च्यानडाँडा ट्रष्ट निर्माण | भएको | | | वडा नं ६ |
| ९१ | बाल मनोरमा आ.वि.मा सरस्वती मन्दिर निर्माण | भएको | | | वडा नं ६ |
| ९२ | माने सुधार तथा व्यवस्थापन | भएको | | | वडा नं ६ |
| ९३ | लुकुनाबेसी खेलकुद मैदान माटो व्यवस्थापन | भएको | | | वडा नं ६ |
| ९४ | लुकुनाबेसी खेलकुद मैदान स्तरोन्नती | भएको | | | वडा नं ६ |
| ९५ | विद्यादिश्वरी मा.विमा सरस्वती मन्दिर निर्माण | भएको | | | वडा नं ६ |
| ९६ | साउने खोल्चा मा. वि दोबाटो प्रतिक्षालय निर्माण | भएको | | | वडा नं ६ |
| ९७ | चम्के मोटरबाटो निर्माण | भएको | | | वडा नं ७ |
| ९८ | थलि चुली मोटरबाटो निर्माण | भएको | | | वडा नं ७ |
| ९९ | बालुवाडाँडा खरिडाँडा पारिघर मोटर बाटो निर्माण | भएको | | | वडा नं ७ |
| १०० | बागमती खोला हिम पाइप व्यवस्थापन तथा खुर्मी खोला तटबन्ध निर्माण | भएको | | | वडा नं ७ |
| १०१ | कटुवा मन्दिर बाँकी काम निर्माण ( प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा साझेदारी) | भएको | | | वडा नं ७ |
| १०२ | प्रतिक्षालय तथा चौतारी निर्माण( प्रधानमन्त्री सोरोजगार कार्यक्रममा साझेदारी) | भएको | | | वडा नं ७ |
| १०३ | प्रतिक्षालय निर्माण बागमती गाँउपालिका वडा नं.७ गिम्दी | भएको | | | वडा नं ७ |

**४. यस बर्षको मुख्य मुख्य उपलब्धीहरु (सुचकको आधारमा बुँदागत रूपमा लेख्ने):**

- गाउँपालिकाले भौगोलिक रुपमा बिकट क्षेत्रमा गाउँघर क्लीनिक मार्फत सेवा प्रदान गरेको ।
- गाउँपालिकाको पाँच बर्षमुनिका ७.३९ प्रतिशत अर्थात् ८ सय २९ जना बालबालिकाले स्वास्थ्य सेवा लिनुको साथै १ सय ६७ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको ।
- स्वास्थ्य संस्थामा आएका ३२.७ प्रतिशत (५५ जना) गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवती जाँच गराउनुको साथै दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको ।

- प्रसुती सम्बन्धी सेवामा प्रोत्साहनको लागि गाउँपालिकाले एकातर्फी नि : शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनुको साथै प्रोटकल अनुसार गर्भवती जाँच गराएको अवस्थामा नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च २ हजार र गर्भवती जाँच बापतको ८ सय उपलब्ध गराउने गरेको ।
- गाउँपालिकाभित्र झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या शुन्य रहेको ।
- गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाबाट बर्षभरी २६ हजार २ सय ५५ जनाले सेवा लिएको ।
- सत् प्रतिशत बालबालिका आधा घण्टाभित्र इसीडी कक्षामा पुग्ने गरेको ।
- विद्यार्थी भर्नाको समयमा भर्ना अभियान, घरदैलो कार्यक्रम, सचेतनामुलक कार्यक्रम तथा विभिन्न समुहहरु परिचालन गर्दा विद्यार्थी भर्ना उमेर समुहका सबै बालबालिका विद्यालयमा भर्ना भएका ।
- गाउँपालिका तथा विद्यालयहरुले भर्नाको समयमा अभियान नै संचालन गरेको ।
- सत् प्रतिशत उत्तीर्ण भएको कारण प्राथमिक तहमा कक्षा छोड्ने विद्यार्थी नरहेको ।
- सामुदायिक विद्यालयका सत् प्रतिशत शिक्षकले तालिम प्राप्त गरेको ।
- गाउँपालिकाको ६० प्रतिशतले व्यवस्थित खानेपानी प्रयोग गरेको गर्नुको साथै ९० प्रतिशत नागरिकले स्वच्छ पानी प्रयोग गरेको ।
- गाउँपालिकाको ७१ प्रतिशत नागरिक सरसफाई रहेको ।
- गाउँपालिकाको ९१ प्रतिशत नागरिकले शौचालय प्रयोग गरेका ।
- गाउँपालिकामा बाल बिवाह, महिला हिँसा, सामाजिक विकृति, बिसङ्गती कम हुँदै गएको ।
- गाउँपालिकाको १ हजार ४ सय २३ जनाले सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट लिएको ।
- ३१ वटा बालक्लब/संजाल गठन गरी आफ्ना कार्यहरु गरेको ।
- गाउँपालिकामा ४६७ जना बेरोजगार व्यक्तिहरु सुचीकृत भई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ९४ जनालाई रोजगारी उपलब्ध गराईएको ।
- गाउँपालिकाको वडा नं १ र ४ का विभिन्न ३ वटा समूहहरुको ८० जनालाई उद्यमशीलता तालिम प्रदान गरेको ।
- कृषि समूह, सहकारी समूह, आमा समूह, यूवा समूह तथा बाल समूह गठन भई सामाजिक परिचालनको कार्य गरेको ।
- गाउँपालिकाको बजार क्षेत्रमा डस्बीनको व्यवस्थापन तथा बृक्षरोपणका कार्यलाई प्रोत्साहन गरिएको ।
- वडासँग समन्वय गरी कृषिको कार्य गर्नुको साथै वडाहरुमा पशु प्राविधिक व्यवस्थापन गरी कृषकहरुलाई सेवा दिइएको ।
- गाउँपालिकाले संचालन गर्ने विभिन्न क्षमता विकास, सीप विकास, रोजगारमूलक तथा नेतृत्व विकासका कार्यक्रमहरुमा भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गलाई प्राथमिकता दिने गरिएको ।
- गाउँपालिकाबाट सामाजिक परिचालन, सचेतीकरण कार्यक्रम संचालन भएको ।
- गाउँपालिकाले आवधिक योजनाको लक्ष्य, उद्देश्य तथा नीति लाई पनि बार्षिक योजनामा समावेश गरी योजना कार्यान्वयन गरेको ।
- गाउँपालिका तथा ७ वटै वडा कार्यालयले आफ्नै भबनबाट सेवा प्रवाह गरेका ।
- गाउँपालिकाको स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको ।
- टोल विकास संस्थाको कार्यविधि बनाई गठन तथा कार्यान्वयन सुरु भएको ।

## ५. सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा :

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | - | अत्यावश्यक सेवाहरु स्वास्थ्य संस्थाबाट प्रवाह । | गाउँपालिकाको वडा नं १, २ र ७ का करीब २० प्रतिशत नागरिकहरु एक घण्टाभित्र पैदल वा यातायात पहुँचमा पनि स्वास्थ्य संस्था पुगी सेवा लिन सक्ने अवस्था देखिदैंन । स्वास्थ्य सेवा सहजताको लागि ती बिकट स्थानहरुमा मासिक २ देखि ३ सम्म पटक गाउँघर क्लीनिक मार्फत सेवा प्रदान गरेको देखिन्छ । |
| ५ वर्षमुनिका बालबालिकाको प्रतिशत | - | हरेक बालबालिकालाई स्वास्थ्य सेवा उपलब्धता । | पाँच बर्षमुनिका ७.३९ प्रतिशत अर्थात् ८ सय २९ जना बालबालिकाले स्वास्थ्य सेवा लिएको देखिन्छ । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | - | स्वास्थ्य संस्था तथा खोप केन्द्रमा नियमित खोप कार्यक्रम संचालन । | १ सय ६७ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको देखिन्छ । |
| ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | - | गर्भवति जाँचलाई प्रोत्साहन । | १ सय ६७ जना मध्ये गाउँपालिकाभित्र ३२.७ प्रतिशत (५५ जना) गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवती जाँच गराएको देखिन्छ । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | - | स्वास्थ्य संस्थामा नै डेलिभरीको नीति । | गाउँपालिकामा रहेका ४ वटा बर्थिङ सेन्टर मार्फत स्वासथ्य संस्थामा आएका सत् प्रतिशत गर्भवती महिलाले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको देखिन्छ । उक्त अवस्थामा गाउँपालिकाले एकातर्फी नि : शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको देखिन्छ । साथै प्रोटकल अनुसार गर्भवती जाँच गराएको अवस्थामा नेपाल सरकारले उपलब्ध गराउने यातायात खर्च २ हजार र गर्भवती जाँच बापतको ८ सय उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | | गराएको देखिन्छ । केही वडाले पोसिलो खानेकुराको समेत ब्यवस्थापन गरेको देखिन्छ । |
| झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या | - | सचेतनाका कार्यक्रमहरु संचालन । | शून्य |
| सबहेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको संख्या | - | ९ वटा स्वास्थ्य संस्थाबाट नियमित रुपमा अभियान, स्वास्थ्य शिविर र कार्यालयबाट नियमित सेवा प्रवाह । | गाउँपालिकामा रहेका १ वटा अस्पताल, ६ वटा हेल्थ पोष्ट, २ वटा समुदायिक स्वास्थ्य ईकाइ गरी ९ वटा स्वास्थ्य संस्थाबाट २६ हजार २ सय ५५ जनाले स्वास्थ्य सम्बन्धी विभिन्न सेवा लिएको देखिन्छ । जेष्ठ नागरिकहरुलाई समुदायमा नै गई सेवा प्रवाह गरिएको, परिवार नियोजन, पाठेघरको मुखको क्यान्सरको जाँच लगायतका शिविरहरु संचालन गरिएपनि एकिकृत स्वास्थ्य शिविरको आयोजना गरिएको देखिँदैन । |
| **शिक्षा** | | | |
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | - | सबै बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याउने प्रयत्न । | सबै (सत् प्रतिशत) बालबालिका आधा घण्टाभित्र प्राथमिक विद्यालय पुग्ने गरेको देखिन्छ । वडा नं ७ मा इसीडी कक्षाको ब्यवस्थापन गरी सबै बालबालिकालाई समेट्ने प्रयास गरिएको देखिन्छ । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | - | विद्यालयम भर्नाको समयमा घरदैलो कार्यक्रम संचालन । | सत् प्रतिशत रहेको देखिन्छ । विद्यार्थी भर्नाको समयमा भर्ना अभियान, घरदैलो कार्यक्रम, सचेतनामुलक कार्यक्रम तथा विभिन्न समुहहरु परिचालन गर्दा विद्यार्थी भर्नामा मद्धत पुगेको देखिन्छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | - | अनिवार्य तथा निःशुल्क शिक्षा लागु गरिएको । | गाउँपालिका तथा विद्यालयहरुले भर्नाको समयमा अभियान नै संचालन गरेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा लागु हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नरहेको देखिन्छ । ईसीडी कक्षा संचालन गरेबाट पनि प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नभएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| कक्षा १ मा खुद भर्नादर छात्र र छात्रा | - | अभिभावकलाई सूचना अभिबृद्धि तथा अनिवार्य र नि:शुल्क शिक्षा लागु भएको । | गाउँपालिकामा माध्यमिक विद्यालय ९ वटा, आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म) ८ वटा र आधारभूत विद्यालय (कक्षा १ देखि ५ सम्म) २९ वटा गरी जम्मा ४६ वटा विद्यालयमा छात्र १६० र छात्रा १४१ गरी ३०१ जना कक्षा १ मा खुद भर्ना भएको देखिन्छ । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर | - | शिक्षामा उदारनीति तथा अभिभावक शिक्षा प्रभावकारी भएको । | सत् प्रतिशत उत्तीर्ण भएको कारण प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थी देखिँदैन । विभिन्न कारणले करीब २ प्रतिशत विद्यार्थीले कक्षा छाड्ने गरेको देखिन्छ । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | - | विभिन्न किसिमका तालिम तथा पूनर्ताजगी तालिम संचालन । | सामुदायिक विद्यालयको आधारभूत तहमा २ सय ९ जना अर्थात् १०० प्रतिशत शिक्षकले तालिम प्राप्त गरेको देखिन्छ । |
| प्रति कक्षाकोठा विद्यार्थी संख्या | - | भवन तथा कक्षाकोठा पर्याप्त रहेको । | प्रति कक्षाकोठा विद्यार्थी १६ जना रहेको देखिन्छ । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | - | - | पर्याप्त रहेको । |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | - | - | पर्याप्त रहेको । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | - | कक्षाकोठा बालमैत्री रहेको र तालिम प्राप्त इसीडी शिक्षकहरुको व्यवस्थापन गरिएको । | गाउँपालिकामा जनजातिको बाहुल्यता रहेको कारण जम्मा २४ जना दलित बालबालिका अध्ययन गरि रहेका देखिन्छ । गाउँपालिकाले दलित बालबालिकाको लागि छात्रबृत्ति प्रदान गर्नुको साथै गैर सरकारी संस्थाहरुको सहयोगमा आवश्यक शैक्षिक सामग्रीहरु वितरण गरिएको देखिन्छ । |
| **खानेपानी तथा सरसफाई** | | | |
| खानेपानी तथा सरसफाई | - | गाउँपालिकाले स्वच्छ खानेपानी र सरसफाईको कार्यलाई प्राथमिकतामा राखेको । | गाउँपालिकासँगको सहकार्यमा नाङ्साल स्टडी एण्ड डेभलभमेन्ट लिमिटेडले आ.व २०८०/०८१ मा गरेको अध्ययन अनुसार ६० प्रतिशत नागरिकले व्यवस्थित तथा ४० प्रतिशत नागरिकले अव्यवस्थित खानेपानी प्रयोग गरेको |

| | | | |
|---|---|---|---|
| | | | देखिन्छ । त्यसैगरि ७१ प्रतिशत नागरिक सरसफाई रहेको देखिन्छ । गाउँपालिकाले खानेपानीको कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ । गाउँपालिकाको योजना अन्तर्गत खानेपानीका आयोजनाहरु निर्माण तथा व्यवस्थापन भएको देखिन्छ । |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | - | गाउँपालिकाले स्वच्छ खानेपानीको कार्यलाई प्राथमिकता । | गाउँपालिकासँगको सहकार्यमा नाङ्साल स्टडी एण्ड डेभलभमेन्ट लिमिटेडले आ.व २०८०/०८१ मा गरेको अध्ययन अनुसार ९० प्रतिशत नागरिकले स्वच्छ खानेपानी प्रयोग गरेको देखिन्छ । |
| शौचालय भएको संख्या वा प्रतिशत | - | अनिवार्य शौचालयको लागि प्रेरित । | गाउँपालिकासँगको सहकार्यमा नाङ्साल स्टडी एण्ड डेभलभमेन्ट लिमिटेडले आ.व २०८०/०८१ मा गरेको अध्ययन अनुसार ९१ प्रतिशत नागरिकले शौचालय प्रयोग गरेको देखिन्छ । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | - | गाउँपालिका तथा संघसंस्थाहरुबाट सहयोग । | करीब ९० प्रतिशत प्राथमिक विद्यालयमा खानेपानी रहेको अवस्थाछ । डाँडाका विद्यालयमा मुहान सुक्ने समस्या रहनुको साथै विपदको कारण पाइप आगलागी र बाढी तथा पहिरोले बगाएको कारण समस्या भएको देखिन्छ |
| सुधारिएको चुलो भएको परिवार संख्या | - | नविकरणीय उर्जा प्रयोगमा उत्प्रेरित । | नविकरणीय उर्जासँगको सहकार्यमा सार्वजनिक सेवा सहजताको लागि गाउँपालिकामा सोलार जडान गर्नुको साथै वडा कार्यालयलाई ब्याट्रि खरिद गरी व्यवस्थापन गरिएको देखिन्छ । |
| **बालबालिका, महिला र समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | - | विद्यालय तथा समुदायमा बाल विवाह विरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन । | गाउँपालिकामा तथ्याङ्क नभएपनि बाल बिवाह पहिलाको तुलनामा कम हुँदै गएको देखिन्छ । गाउँपालिकामा रहेका विभिन्न विद्यालयहरुमा बालविवाह न्युनीकरण सम्बन्धी सचेतनाका कार्यक्रम संचालन गर्नुको साथै |

| | | | |
|---|---|---|---|
| | | | सचेतनाको लागि होडिङ बोर्ड, ब्रोसर, पर्चा, पम्प्लेट बनाई समुदाय स्तरसम्म सचेतना फैलाएको देखिन्छ । |
| सामाजिक विकृति, बिसङ्गती | - | गाउँपालिकाले सामाजिक विकृति, बिसङ्गतीको सचेतनाका कार्यक्रमहरु संचालन । | गाउँपालिकामा सामाजिक विकृति, बिसङ्गतीका उजुरीहरु नआएको भएपनि गरीबी, अशिक्षाका कारण कतैकतै हुने गरेको देखिन्छ । वडा-वडा तथा समुदायमा सचेतीकरणको लागि लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । |
| सामाजिक सुरक्षा भत्ता प्राप्तीको अवस्था | - | बैंकिङ्क प्रणाली, घरदैलो अभियान संचालन गरेको । | गाउँपालिकाको १ हजार ४ सय २३ जनाले सामाजिक सुरक्षा भत्ता लिएको देखिन्छ । ७ वटै वडाहरुको बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको देखिन्छ । गाउँपालिकामा रहेको कुमारी बैंकबाट समयमा नै सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ । |
| **जनचेतना तथा गरीबी निवारण** | | | |
| बालश्रमको अवस्था | - | बालश्रम बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरेको । | गाउँपालिकाको तथ्याङ्कमा बालश्रम देखिँदैन । गाउँपालिकाबाट नियमित अनुगमन गर्ने गरिएको छैन । न्यायीक समितिमा समेत कुनै उजुरी परेको छैन । काठमाण्डौं, ललितपुर लगायत बाहिरबाट होटल र यातायात क्षेत्रमा केही बालश्रम भएको अवस्था देखिन्छ । लैंङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा समुदायमा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । |
| बालक्लबहरुको अवस्था | - | - | गाउँपालिका स्तरीय बालक्लब संजाल, ७ वटै वडास्तरमा वडास्तरीय बालक्लब संजाल तथा २३ वटा माध्यमिक र आधारभुत विद्यालयमा गरी ३१ वटा बालक्लब/संजाल गठन गरी कार्य गरिरहेको देखिन्छ । समुदाय तथा केही विद्यालयहरुमा बालक्लब गठन भएको देखिदैन । बालक्लब तथा संजाल मार्फत |

| | | | |
|---|---|---|---|
| | | | अतिरिक्त क्रियाकलाप, बाल दिवस तथा नियमित बैठक संचालन भएको देखिन्छ । बालक्लबको क्षमता विकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालनको लागि गाउँपालिकाको बार्षिक कार्यक्रममा समावेश गरि संचालन गर्नुपर्ने देखिँदैन । |
| महिला हिँसा | - | गाउँपालिकाको बार्षिक कार्यक्रममा महिला हिंसा बिरुद्धका कार्यक्रम । | गाउँपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी आएको देखिदैन । न्यायिक समितिमा समेत महिला हिँसा सम्बन्धी कुनै हिँसा भएको उजुरी प्राप्त भएको देखिँदैन । लैँङ्गिक हिँसा बिरुद्धको दिवसको सन्दर्भमा महिला हिँसा बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । |
| रोजगारीको अवस्था | - | प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गरिएको । | गाउँपालिकामा ४६७ जना बेरोजगार व्यक्तिहरु सुचीकृत भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ९४ जना व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराईएको देखिन्छ । विकास निर्माणको क्रममा स्थानीयस्तरमा रोजगारी सिर्जनाको लागि श्रममा आधारित कार्यक्रमलाई प्राथमिकता दिँदै स्थानीय नागरिकहरुलाई विभिन्न विकास निर्माणका सहभागीता गराई रोजगारी प्रदान गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सडक सरसफाई, खेलकुद मैदान मर्मत लगायतका कार्यहरुमा लगाइएको देखिन्छ । साथै १६ जनालाई सीप बिकासको लागि इलेक्ट्रीक, प्लम्बीङ जस्ता ३ महिने तालिम समेत प्रदान गरिएको देखिन्छ । |
| स्वरोजगारका प्रयासहरु | - | उद्यम विकास तथा सीप विकास तालिम संचालन । | गाउँपालिकाको वडा नं १ र ४ का विभिन्न ३ वटा समूहहरुको ८० जनालाई उद्यमशीलता तालिम प्रदान गरेको देखिन्छ । यस अन्तर्गत ब्युटिसियन, सिलाई कटाई जस्ता सीप विकासका लागि तालिम प्रदान गरिएको |

| | | | |
|---|---|---|---|
| | | | देखिन्छ । साथै विभिन्न संघसंस्था मार्फत क्षमता विकास, नेतृत्व विकास, सीप विकास तालिम संचालन गरी स्वरोजगारलाई प्रबर्द्धन गरिएको देखिन्छ । समूहमा आबद्ध २० जनालाई ५० प्रतिशत अनुदानमा घाँस काट्ने मेसिन दिई जीविकोपार्जनलाई सहजता बनाएको देखिन्छ । तालिम लिएका मध्ये २ जनाले ब्यवसायीक रुपमा ब्युटिपार्लर संचालन गरेको र १ जनाले टेलर संचालन गरी आयआर्जन गरेको देखिन्छ । आधारभुत तालिम लिएका ब्यक्तिहरुलाई एड्भान्स तालिम प्रदान गर्नुपर्ने देखिन्छ । |
| गरीबी निबारणका प्रयासहरु | - | गरीबी निवारणका लागि सीप तथा लघु उद्यम विकास कार्यक्रम संचालन । | प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत तालिम र रोजगारीको सिर्जना गरिएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत ब्यक्तिहरु मध्ये विपन्नलाई प्राथमिकतामा राखी रोजगारी दिएको देखिन्छ भने लघु उद्यम विकास कार्यक्रम मार्फत महिलालाई प्राथमिकतामा राखी उद्यम र सीप विकासको लागि कार्य गरेको देखिन्छ । |
| सामाजिक परिचालन | - | उद्यम तथा महिला समुह परिचालन । | उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा समुह गठन र सहभागीतात्मक ग्रामीण लेखाजेखा कार्यक्रम संचालन गरि व्यवसायिक हुन उत्प्रेणा प्रदान गरिएको देखिन्छ । गाउँपालिकामा ७ वटा सहकारीहरु मार्फत करीब ३ हजारमा सेवा प्रवाह भएको देखिन्छ । सहकारीमा बचत, ऋण लगानी, क्षमता विकासका तालिमहरु संचालन गरिएको देखिन्छ । कृषि समूह, सहकारी समूह, आमा समूह, यूवा समूह तथा बाल समूह गठन भएको देखिन्छ । गाउँपालिकाको उपभोक्ता समिति तथा खानेपानी उपभोक्ता समितिका मुख्य |

| | | | |
|---|---|---|---|
| | | | पाँच पदमध्ये १ जना महिला तथा समितिमा ३३ प्रतिशत महिलालाई अनिवार्य गरिएकोछ । पछिल्लो समयको निर्माण बालमैत्री बनाइएको देखिन्छ । |
| बातावरण सुधारका प्रयासहरु | - | गाउँपालिकालाई स्वच्छ र सफा राख्ने प्रयत्न । | गाउँपालिकाको बजार क्षेत्रमा डस्बीन राखिएको देखिन्छ । लैण्डफिड साइटको व्यवस्थापन नभए पनि गाउँलाई सरसफाई तथा फोहोर संकलनको कार्य व्यवस्थित गर्ने प्रयत्न गरेको देखिन्छ । नियमति रुपमा गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत जनचेतना, बृक्षरोपण र सचेतनाका कार्यक्रमहरु संचालन गरेको देखिन्छ । |
| एच्आइभी र एड्स | - | एच्आइभी र एड्सको परीक्षण र परामर्शको व्यवस्था स्वास्थ्य संस्थाबाट गरिने । | नरहेको । |
| **विकासमा समान सहभागीता सेवाहरुमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | - | स्थानीय उत्पादनलाई प्रोत्साहनको लागि गाउँपालिकाले कार्य गरिरहेको । | भौगोलिक रुपमा विकटता रहेको कारण स्थानीय बजार केन्द्रमा पुग्न अफ्टेरो रहेको देखिन्छ । नियमित बजार लाग्ने स्थान नभएको भएपनि अत्यावश्यक सामग्री किन्न बजार केन्द्रमा जाने गरेको देखिन्छ । |
| कृषि सेवाकेन्द्र पुग्न लाग्ने समय | - | कृषिलाई प्रोत्साहन गरिएको । | गाउँपालिकाको बाहेक अन्यत्र सेबाकेन्द्र नभएको कारण गाउँपालिकामा सेवा लिन जाँदा सबैभन्दा टाढा वडा नं ७ का नागरिकलाई ३ घण्टासम्म लाग्ने गरेको देखिन्छ । वडासँग समन्वय गरी कृषिको कार्य गर्ने गरिएको भएपनि वडामा प्राविधिकको व्यवस्थापन गरिएको देखिदैन । कृषकलाई आवश्यकता परेको अवस्थामा प्राविधिकहरु गाउँ/गाउँमा नै गई सेवा दिने गरेको देखिन्छ । अनुदानको कार्यक्रम अन्तर्गत मिसन लसुन प्याज, माटो परीक्षण, बीउ बिजन वितरण जस्ता कार्यलाई प्राथमिकताको साथ संचालन गरिएको देखिन्छ । **त्यस्तै,** |

| | | | |
|---|---|---|---|
| | | | सबै वडाहरुमा पशु प्राविधिक ब्यवस्थापन गरी कृषकहरुलाई सेवा दिइएको देखिन्छ । पशु विकास शाखा अन्तर्गत नियमित पशु उपचार सेवा, कृतिम पशु गर्भाधारण सेवा, खोप तथा रोग नियन्त्रण, पशु आहार, पशु स्वास्थ्य शिविर, तालिम तथा पशु पालन ब्यवसायलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु संचालन गरेको देखिन्छ । |
| भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको संख्या, नीजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | - | प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिएको । | ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारी सिर्जनामा महिला तथा सीमान्तकृत समुदायलाई प्राथमिकता दिइएको । साथै कृषि तथा पशुपालनको लागि अनुदानमा प्राथमिकता दिने गरेको ।<br>▪ उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकासमा महिलालाई प्रोत्साहन गर्ने गरिएको ।<br>▪ गाउँपालिकाले संचालन गर्ने विभिन्न क्षमता विकास, सीप विकास, रोजगारमूलक तथा नेतृत्व विकासका कार्यक्रमहरुमा भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गलाई प्राथमिकता दिने प्रयत्न गर्ने गरेको । |
| **विविध** | | | |
| जनशक्ति | - | - | गाउँपालिकामा ७२ जनाको स्वीकृत दरबन्दी भएपनि ६२ जना कर्मचारीहरु रहेको देखिन्छ । दरबन्दी अनुसारको कर्मचारी नहुँदा गाउँपालिका तथा वडाको नियमित काममा समस्या भएको देखिन्छ । प्राविधिक कर्मचारीलाई समेत प्रशासनीक काममा लगाइएको देखिन्छ । |
| नीति तथा कार्यक्रम | - | बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिएको । | गाउँपालिकाबाट कार्यक्रम बनाई सोही अनुसार संचालन गरिएको देखिन्छ । आवधिक योजनाको लक्ष्य, उद्देश्य तथा नीतिलाई पनि बार्षिक योजनामा समावेश गरी योजना कार्यान्वयन गरेको देखिन्छ । गाउँपालिकालाई बाढीको |

| | | | |
|---|---|---|---|
| | | | कारण ठूलो क्षती पुगेको हुँदा अब बनाइने योजना दीगोपनालाई ध्यान दिदैं बातावरण अनुकुल हुने किसिमका बनाउनु पर्ने देखिन्छ । |
| भौतिक व्यवस्था | - | आवश्यक भौतिक संरचनाहरु निर्माणको लागि कार्य गरिएको । | गाउँपालिकाको आफ्नै नयाँ भवन रहेको तथा ७ वटै वडा कार्यालयको आफ्नै भबन रहेको देखिन्छ । आफ्नै भवनबाट सेवा प्रवाह भएको हुँदा सार्वजनिक सेवा सहजता भएको देखिन्छ । |
| समन्वय तथा सहकार्यका प्रयासहरु | - | प्रभावकारी समन्वय र सहकार्यको नीति लिएको । | गाउँपालिकाको स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको देखिन्छ । यसका साथै सडक बोर्ड, ललितपुर महानगरपालिका र गैर सरकारी संस्थाहरुसँग प्रभावकारी समन्वय गरी कार्यक्रम संचालन गरेको देखिन्छ । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | - | - | योजना तर्जुमा तथा कार्यान्वयनमा नागरिकको सहभागीता सुनिश्चितता गरिएको देखिन्छ । गाउँपालिकाबाट सामाजिक परिचालन, सामुदायिक सचेतीकरण कार्यक्रम संचालन गर्नुको साथै समुदायसँग सहकार्यमा कार्य संचालन गरिएको देखिन्छ । टोल विकास संस्थाको कार्यविधि समेत भएको हुँदा यसको प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ |

## ६. गत वर्षमा भोगेका समस्याहरु (बुंदागत रूपमा लेख्ने) :

- स्थानीय तहबाट स्वास्थ्य तथा लक्षित समुदायको लागि पर्याप्त बजेट बिनियोजन नभएको ।
- गाउँपालिकाको १० शैयाको अस्पतालमा करार जनशक्तिको लागि बजेट व्यवस्था नभएको ।
- विद्यालयमा विद्यार्थीको उपस्थिति नियमिततामा नहुनु ।
- कक्षा ९ र १० मा विषयगत शिक्षकको अभाव रहेको ।
- विद्यालयमा खेलमैदान पर्याप्त नहुँदा अतिरिक्त क्रियाकलापहरु संचालनमा कठिनाई रहेको ।
- अपाङ्गता पहिचानको लागि घरदैलोबाट सेवा प्रवाहमा जनशक्ति र उपकरणको पर्प्याप्त नहुनु ।
- समुदायमा कमजोर आर्थिक अवस्थाका कारण साझेदारीका कार्यक्रम संचालनमा कठिनाई ।
- स्थानीय स्तरमा बजारीकरण नहुनु ।
- कृषि कार्यको लागि कृषकहरु नै बिस्थापित हुनु ।
- गाउँपालिकाको कृषियोग्य करीब ३ हजार रोपनी जग्गा बागमती नदीले कटान गर्नु ।

- जनसहभागीता सुनिश्चितताको नहुनु ।
- योजनाको दीगोपनामा उपभोक्ताहरु नै उदाशीनता हुनु ।
- नागरिकहरुको न्युन सहभागीता रहनु ।
- सार्वजनिक परीक्षणलाई आयोजना स्थलमा कार्यविधिको मर्म अनुसार संचालन गर्न नसक्नु ।

**७. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुंदागत रूपमा लेख्ने) :**

- गाउँपालिकामा पर्याप्त दरबन्दी व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकामा बनेका ऐन तथा कार्यविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- बालमैत्री गाउँपालिका घोषणाको सूचकलाई लक्षित गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- संघ र प्रदेशसँग थप बजेटको लागि समन्वय गर्नुपर्ने ।
- गाउँपालिकाको अस्पताललाई सुढिकरण गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाको भौतिक गुणस्तर बृद्धि गर्दै सबै वडाहरुबाट बर्थिङ सेवा विस्तार गर्नुपर्ने ।
- गाउँपालिकाको सामुदायिक विद्यालयमा गाउँपालिकाको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपर्ने ।
- सहभागीहरुले समयको पालना गर्नुपर्ने ।
- लघु उद्यमको कार्यक्रमलाई गाउँपालिकाभरी बिस्तार गर्नुपर्ने ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न बजारको व्यवस्थापन गर्नुपर्ने ।
- स्थानीय बाली (रैथाने) बालीको संरक्षण तथा प्रबर्द्धनका कार्यक्रम बनाई लागू गर्नुपर्ने ।
- कृषि र पशु सेवाको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने ।
- ५० प्रतिशत अनुदानका कार्यक्रम बास्तविक रुपमा कृषकसम्म पुऱ्याउनुपर्ने ।
- पशु नश्ल सुधारको लागि गाउँपालिकाले योजना नै बनाई कार्य गर्नुपर्ने ।
- उद्यम तथा रोजगारीको कार्यक्रमलाई जीविकोपार्जन सँग जोड्ने गरी कार्य गर्नुपर्ने ।
- स्वास्थ्य बिमा, कृषि बिमा तथा पशु बिमाको कार्यक्रमलाई थप प्रभावकारी र ब्यवस्थित गर्दै गाउँपालिकाभर लागु गर्नुपर्ने ।

**८. गाउँपालिका सम्बन्धी विविध जानकारी**

**क. आय-व्यय विवरण (आ.व. ०८०/०८१)**

| क्र. सं | विवरण | अनुमानित बार्षिक बजेट | यथार्थ आम्दानी | यथार्थ आम्दानी प्रतिशत | यथार्थ खर्च | यथार्थ खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय अनुदान | ३२४७६४००० | २९१४५३५८९.३० | ८९.७४ | २९२४५७१८९.१५ | ९०.०५ |
| २ | प्रदेश अनुदान | ४६९६६००० | ३५६७२५२८.९३ | ७५.९५ | ३५२७१८५३ | ७५.१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | आन्तरिक आय | २६६२००४७ | २१७७०७७७.६० | ८१.७८ | २०७२७२८७.०७ | ७७.८६ |
| ४ | राजश्व बाँडफाँड | ९०२३९९५३ | ५९१२१६४७ | ६५.५२ | ७८१८१९२०.६८ | ८६.६३ |
| ५ | साझेदारी | ९४०८५०६.२२ | ९४०८५०६.२२ | १०० | ९४०८५०६.२२ | १०० |

## ख. विषय क्षेत्रगत/उपक्षेत्रगत बार्षिक बजेट बिनियोजन र खर्च रकम (आ.व. ०८०/०८१)

| क्र.सं | विषय क्षेत्रगत/उपक्षेत्र | बिनियोजित बजेट | खर्च | बित्तीय प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु, प्रशासनीक, कार्यालय संचालन | १०४११२००० | ९४०३८५८२.८२ | ९०.३२ |
| २ | आर्थिक विकास क्षेत्र | २२२८८००० | १७५९३०६२ | ७८.९४ |
| ३ | सामाजिक विकास क्षेत्र | २८४९३१५०० | २५६९२०१३६.१० | ९०.१६ |
| ४ | पूर्बाधार विकास क्षेत्र | ७१७०८५०० | ५४०३६६०४.९८ | ७५.३५ |
| ५ | बन, वातावरण तथा बिपद् ब्यवस्थापन विकास क्षेत्र | २८००००० | २२९०९१८ | ८१.८१ |
| ६ | सुशासन, संस्थागत सेवा प्रवाह तथा क्षमता विकास क्षेत्र | ५५५०००० | ४०६२३६४ | ७३.२ |

## ग. खरिद सम्बन्धी विवरण

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १ | उपभोक्ता समितिसँग संझौता भई कार्यान्वयन भएका योजना/कार्यक्रम संख्या | ९४ |
| २ | प्रतिस्पर्धाको माध्यमबाट संझौता भई कार्यान्वयन भएका योजना/कार्यक्रम संख्या | ७ |
| ३ | सिधै खरिद प्रक्रियाबाट संझौता भई कार्यान्वयन भएका योजना/कार्यक्रम संख्या | २ |

## घ. गाउँपालिकाबाट जारी भएका ऐन, नियम सम्बन्धी विवरण

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ऐन | २९ | |
| २ | नीति | २ | |
| ३ | नियमावली/निर्देशिका/कार्यविधि | ६४ | |
| ४ | कर्मचारी तथा पदाधिकारीको आचार संहिता | १ | देखिने गरी टाँस नभएको |

**ङ. व्यक्तिगत घटना दर्ताको अवस्था (आ.व. ०८०/०८१)**

| क्र.सं | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | २७९ | २९९ | ५७८ |
| २ | मृत्यु | ५२ | ८५ | १३७ |
| ३ | विवाह | २०० | | २०० |
| ४.१ | बसाईसराई आएका | ३३ | | ३३ |
| ४.२ | बसाईसराई गएका | १७१ | | १७१ |
| ५ | सम्बन्ध बिच्छेद | ९ | | ९ |
| | | | **जम्मा** | **९७७** |

**च. आर्थिक बर्ष २०८०/०८१ मा गाउँपालिकाबाट सामाजिक जवाफदेहिता प्रबर्द्धनमा भएका प्रमुख कार्यहरु**

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | १ | |
| २ | सार्वजनिक परीक्षण | - | सबै योजनाहरुको |
| ३ | सामाजिक परीक्षण | ० | |
| ४ | चौमासिक प्रगती समीक्षा | ३ | |
| ५ | बार्षिक प्रगती समीक्षा | १ | |
| ६ | योजना अनुगमन | ९४ | |
| ७ | गाउँसभा | २ | |
| ८ | गाउँकार्यपालिका बैठक | ११ | |
| ९ | विषयगत समिति बैठक | १० | |
| १० | कर्मचारी बैठक | १० | |

**छ. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र बित्तीय सुशासन जोखिम मूल्याङ्कनको अवस्था**

| क्र.सं | विषयगत क्षेत्र | आ.ब. ०७८/०७९ | आ.ब. ०७९/०८० | आ.ब. ०८०/०८१ |
|---|---|---|---|---|
| १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) | ५९ | ७८ | **प्राप्त भएको छैन** |
| २ | स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) | ६८ | ८३.५ | **प्राप्त भएको छैन** |

## अनुसूची-२

बागमती गाउँपालिकाद्वारा आ.व २०८०/८१ मा बिनियोजन गरिएको योजनाले

**सामाजिक रुपमा पारेको प्रभाव विश्लेषण**

### १. बगुवा आर्टियन चर्च निर्माण योजना बागमती गाउँपालिका-२

बागमती गाउँपालिकाद्वारा बजेट विनियोजन भई १० लाख रुपैंयाको लागतमा क्रमागत योजना अन्तर्गत चर्च निर्माणको कार्य भइरहेको देखिन्छ । क्रिश्चियन धर्माबलम्बीहरुको लागि नित्य आराधना गर्न चर्च निर्माण पश्चात् सहजता हुने देखिन्छ । क्रिश्चियन धर्म संस्कार अनुसार गरिने पबित्र विवाहको लागि सुरक्षित स्थान भएको तथा मरणका कार्यहरु गर्न समेत सहजता हुने देखिन्छ । सभाहल समेत भएको हुँदा बैठक, तालिम, सभा लगायत धेरै मानिसहरुलाई सहज रुपमा बसी कार्यक्रमहरु संचालनमा समेत सहजता हुने देखिन्छ । प्रकाश भुलुनको अध्यक्षमा रहेको उपभोक्ता समितिबाट निर्माण भइरहेको चर्च भवनमा रङ लगाउने, झ्याल, ढोका हाल्ने, ग्रील सम्बन्धीका कार्यहरु भई रहेको देखिन्छ । चर्च निर्माण पश्चात् क्रिश्चियन धर्माबलम्बीहरु आरधनाको लागि सहजता हुने देखिन्छ । करीब पैंतालीस घरधुरीले प्रत्यक्ष रुपमा उपयोग गर्न पाउने उक्त चर्च निर्माणको क्रममा पहिरो आएको, पानी आएको, दक्ष जनशक्ति पाउन गाह्रो भएको साथै सामग्रीहरु खरिद र ढुवानीमा समेत भौगोलिक बिकटताको कारण समस्या भएको देखिन्छ ।



चर्च निर्माण उपभोक्ता समितिका अध्यक्ष तथा उपभोक्ताहरु ।

### २. वडा कार्यालय व्यवस्थापन तथा टहरो हटाउने योजना बागमती गाउँपालिका-३

बागमती गाउँपालिकाद्वारा संशोधित भएको बजेट ३ लाख रुपैंयाको लागतमा छपेनीमा रहेको वडा नं ३ को कार्यालय व्यवस्थापन तथा टहरो हटाउने योजना सम्पन्न भएको देखिन्छ । वडा कार्यालय नजिकै रहेका टहरो हटाउने, ग्राउण्ड बनाउने तथा वडा कार्यालय संरक्षणको लागि भवनमा पेटी निर्माण गर्ने कार्य गरिएको देखिन्छ । पहाड काटेर वडा कार्यालयको बाहिर सेवाग्राही बस्नको लागि समेत सहज हुनेगरी मैदान निर्माण गरिएको तथा वडा कार्यालयको संरक्षणको लागि पेटी निर्माणको कारण निकै सहजता भएको देखिन्छ । योजना निर्माणको कारण सेवाग्राही तथा सेवाप्रदायक दुबैलाई सहजता भएको देखिन्छ । योजना संचालनको क्रममा कामदार व्यवस्थापन तथा पहाड कटानमा समेत समस्या भएको थियो ।



सामाजिक परीक्षकको साथ उपभोक्ता समितिको अध्यक्ष ।

## ३. प्युटार खेलकुद मैदान निर्माण बागमती गाउँपालिका-४

बागमती गाउँपालिकाद्वारा आ.व २०८०/८१ मा विनियोजन गरिएको ५ लाख बजेटबाट खेलकुद मैदान निर्माण गरिएको देखिन्छ । युवाहरुलाई खेलकुद प्रतिको आकर्षण तथा सहज रुपमा खेलकुदका कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले निर्माण गरिएको प्युटार खेलकुद मैदानले खेलकुद प्रेमीको लागि सहजता बनाएको देखिन्छ । दिपङ्कर तामाङको अध्यक्षतामा निर्माण भएको खेलकुद मैदान निर्माण समितिले मैदान सम्याउने, ढुङ्गा पन्छाउने, खोल्सीको पानी निकासालाई व्यवस्थित बनाउने लगायतका कार्यहरुको देखिन्छ । अहिले उक्त खेलमैदानमा मानिसहरु जमघट हुने, मर्निङ वाक गर्ने, खेलकुदका कार्यक्रम आयोजना गर्ने, बैठक तथा राजनैतिक भेलाहरुको आयोजना गर्ने लगायतका कार्यहरु संचालनमा सहजता भएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालन भएको योजनामा सिमाना बिबाद, खेल मैदानसम्म जाने बाटोको अभाव तथा मैदान निर्माणको क्रममा ठुला ढुङ्गाहरु निस्किएको कारण समयमा नै खेलमैदान निर्माणमा समस्या भएको देखिन्छ । करीब ७ सयजनालाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने उक्त योजनाको स्तनोन्नत्ती तथा भौतिक व्यवस्थापनको लागि कार्य गर्नुपर्ने देखिन्छ ।



प्युटार खेलकुद मैदान तथा उपभोक्ता समितिको अध्यक्ष ।

## ४. थाङ्सिङटार चौतारो निर्माण बागमती गाउँपालिका-४

बागमती गाउँपालिकाद्वारा आ.व २०८०/८१ मा चामबोट थाङ्सिङटार चौतारो निर्माणका लागि विनियोजन गरेको १ लाखको लागतमा वडा नं ४ मा चौतारा निर्माणको कार्य सम्पन्न भएको देखिन्छ । थाङ्सिङटारमा रहेका बरपीपलको चौतारालाई व्यवस्थापन गर्ने, सरसफाई गर्ने, जमघटको स्थल बनाउने उद्देश्यले निर्माण गरिएको देखिन्छ । चौतारो निर्माण पश्चात् आराम गर्न, गाडी कुर्न, घामपानीबाट बच्न, बैठक बस्न, कृषि जन्य उपज संकलनका लागि प्रयोग गरिएको सहज भएको देखिन्छ । ६० घरधुरीले उपयोग गर्ने उक्त चौतारो आवश्यकता भएको आयोजना संचालन गर्दा उपभोक्ताको उल्लेख्य सहभागीता हुने सिकाइ भएको उपभोक्ता समितिका अध्यक्ष बिमला लामाले बताउनु भएको थियो ।



थाङ्सिङटार चौतारो निर्माण उपभोक्ता समिति अध्यक्ष बिमला लामा, वडा सदस्य तथा कोषाध्यक्ष ।

## ५. कलबन बिषडाँडा सानोचिला मोटरबाटो निर्माण बागमती गापा-५

बागमती गाउँपालिकाबाट ९ लाख विनियोजन भइ कलबन बिषडाँडा सानोचिला मोटरबाटो निर्माण कार्य सम्पन्न भएको छ । आ.व. २०८०/८१ मा बागमती गाउँपालिकाद्वारा संचालन गरिएको योजनाबाट करीब ५ सय ५० मिटर सडक नयाँ निर्माण गरिएको कारण सवारी साधन संचालनमा आएको, दैनिक आवत जावत गर्न सहज भएको, बाह्रै महिना सबारी साधन चल्ने भएको अवस्था रहेको देखिन्छ । कृषि उपज, खाद्यन्न ओसार-पसार गर्न, गाउँघरको सरसामान सहर लैजान र सहरबाट ल्याउन समेत सहज भएको देखिन्छ । समाजमा हुने सामाजिक कार्यहरुमा सहरबाट आउने जानेको संख्यामा समेत सडक निर्माण पश्चात् बृद्धि भएको देखिन्छ । योजना सम्पन्न पश्चात् समयको बचत हुनुको साथै स्थानीय उत्पादन बजारसम्म लैजान, विद्यालयमा बालबालिका जान समेत सहज भएको देखिन्छ । हिरामान बलको अध्यक्षतामा गठित कलबन बिषडाँडा सानोचिला मोटरबाटो उपभोक्ता समितिले गरेको योजना निर्माणको कार्य सम्पन्न भएपश्चात् संभावित दुर्घटनाहरु न्यूनीकरण भएको, वातावरणमा सुधार हुनुको साथै आर्थिक क्रियाकलाहरुमा समेत बृद्धि भएको देखिन्छ । उक्त सडकबाट करीब १ सय ६० जनालाई प्रत्यक्ष रुपमा फाइदा पुगेको देखिन्छ । स्तरोन्नत्ती तथा नाला निर्माणको कामलाई प्राथमिकता दिँदै सडकको दीगोपनाको लागि कार्य गर्नुपर्ने देखिन्छ । कामको सन्दर्भमा उपभोक्ता समितिको सक्रियता कम हुनु, जेसिबी ल्याउन गाह्रो हुनु तथा सडक निर्माणको क्रममा निस्किएका माटो ढुङ्गा ब्यवस्थापनमा उपभोक्ता समितिले समस्या ब्यहोर्नु परेको देखिन्छ ।



बिषडाँडा सानोचिला मोटरबाटो निर्माण उपभोक्ता समितिका सदस्यहरु ।

## ६. बाल मनोरमा आधारभूत विद्यालयमा सरस्वती मन्दिर निर्माण बागमती गाउँपालिका-६

स्थानीय प्रकाश रुम्बाको अध्यक्षतामा बागमती गाउँपालिकाद्वारा आ.व २०८०/८१ मा विनियोजन गरिएको १ लाख ५० हजार बाल मनोरमा आधारभूत विद्यालयमा सरस्वती मन्दिर निर्माण गरिएको देखिन्छ । करीब २ सय घरधुरीलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने उक्त योजनाबाट विद्यालयको हाताभित्र सरस्वतीको मन्दीर ब्यवस्थापन हुनुको साथै विद्यालयमा अध्ययनरत विद्यार्थी तथा समुदायका मानिसहरुलाई विद्याकी खानी सरस्वतीको पुजापाठ गर्न अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य भएको देखिन्छ । उक्त योजना संचालनको क्रममा मन्दिर निर्माणको लागि आवश्यक ईँटा, सिमेन्ट, रड, ट्रष्ट, जस्तापाता, ढोका खरिद गरिएको देखिन्छ । विद्यालयमा मन्दिर निर्माणको क्रममा स्थानीय स्तरमा दक्ष जनशक्ति नपाउँदा समस्या भएको देखिन्छ । भौगोलिक रुपमा बिकटता रहेको हुँदा सामाग्री ढुवानीमा समेत उपभोक्ता समितिले सास्ती ब्यहोर्नु परेको, बजेट कम हुँदा आकर्षक मन्दिर निर्माणमा समेत समस्या भएको देखिन्छ ।




बाल मनोरमा आधारभूत विद्यालयमा निर्माण भएको सरस्वती मन्दिर उपभोक्ता समिति अध्यक्ष र प्रधानाध्यापक ।

## ७. रुम्बाटोल जाने मोटरबाटो निर्माण बागमती गाउँपालिका-६

बागमती गाउँपालिकाबाट २ लाख विनियोजन भइ प्युटार-गिम्दी सडकदेखि रुम्बाटोल जोड्ने सडक निर्माण कार्य सम्पन्न भएको छ । आ.व. २०८०/८१ मा बागमती गाउँपालिकाद्वारा संचालन गरिएको योजनाबाट ४ सय मिटर सडक नयाँ निर्माण गरिएको कारण सवारी साधन संचालनमा आएको, लोड गाडी आवत जावत गर्न सहज भएको, बाह्रै महिना सबारी साधन चल्ने भएको अवस्था रहेको देखिन्छ । कृषि उपज, खाद्यन्न ओसार-पसार गर्न, गाउँघरको सरसामान सहर लैजान र सहरबाट ल्याउन समेत सहज भएको देखिन्छ । समाजमा हुने सामाजिक कार्यहरुमा सहरबाट आउने जानेको संख्यामा समेत सडक स्तरोन्नती पश्चात् बृद्धि भएको देखिन्छ । योजना सम्पन्न पश्चात् समयको बचत हुनुको साथै स्थानीय उत्पादन बजारसम्म लैजान, विद्यालयमा बालबालिका जान समेत सहज भएको देखिन्छ । मेन्दोलाल रुम्बाको अध्यक्षतामा गठित उपभोक्ता समितिले गरेको योजना निर्माणको कार्य सम्पन्न भएपश्चात् संभावित दुर्घटनाहरु न्यूनीकरण भएको, वातावरणमा सुधार हुनुको साथै आर्थिक क्रियाकलाहरुमा समेत बृद्धि भएको देखिन्छ । उक्त सडकबाट करीब ३ सयजनालाई प्रत्यक्ष रुपमा फाइदा पुगेको देखिन्छ । स्तरोन्नत्ती तथा नाला निर्माणको कामलाई प्राथमिकता दिँदै सडकको दीगोपनाको लागि कार्य गर्नुपर्ने देखिन्छ ।



रुम्बाटोल जाने मोटरबाटो निर्माण उपभोक्ता समिति अध्यक्ष ।


## ८. चतुर्मुखी बाघ भैरव मन्दिर निर्माण बागमती गाउँपालिका-७


बागमती गाउँपालिकाद्वारा बजेट बिनियोजन भई रु ४ लाखको लागतमा चतुर्मुखी बाघ मन्दिर निर्माणको कार्य सम्पन्न भएको देखिन्छ । समुदायको मानिसहरुलाई नित्यपुजा पाठको लागि सहजता हुनुको साथै बृद्धाहरुको लागि दैनिक गफगाफ तथा बस्नको लागि समेत सहज भएको देखिन्छ । यसअघि नै निर्माण भएको चतुर्मुखी बाघ मन्दिरलाई गाउँपालिकाबाट प्राप्त योजनाले मन्दिर प्याष्टर तथा ढलान गरेर चटक्क बनाएको देखिन्छ । मन्दिरमा रङ लगाउने, झ्याल, ढोका हाल्ने, गजुर राख्ने र बस्ने पेटी समेत निर्माण भए बाट तीर्थालुलाई सहजता भएको देखिन्छ । स्थानीय बसन्त रानाको अध्यक्षतामा रहेको उपभोक्ता समितिबाट निर्माण गरिएको चतुर्मुखी बाघ मन्दिरले वडा नं ७ मा एक धार्मिक स्थललाई स्थायीत्व दिन समेत मद्धत पुगेको देखिन्छ ।  करीब एकसयभन्दा बढी घरधुरीले प्रत्यक्ष रुपमा उपयोग गर्न पाउने उक्त मन्दिरको संरचना निर्माणको क्रममा दक्ष जनशक्ति पाउन गाह्रो हुनुको साथै सामग्रीहरु खरिद र ढुवानीमा समेत भौगोलिक बिकटताको कारण समस्या भएको देखिन्छ ।




चतुर्मुखी बाघ मन्दिर निर्माणपछिको तस्वीर

## अनुसूची-३
## बागमती गाउँपालिकाको संस्थागत स्वमूल्यांकनको नतिजा








१००
७५
५०
२५
०
९४.४४%
७५%
७२.७३%
६८.१८%
८७.५%
६९.२३%
८५%
६१.११%
६६.६७%
शासकीय प्रवन्ध
संगठन तथा प्रशासन
वार्षिक बजेट तथा योजना व्यवस्थापन
वित्तीय एवम् आर्थिक व्यवस्थापन
सेवा प्रवाह
न्यायिक कार्य सम्पादन
भौतिक पूर्वाधार
सामाजिक समावेशीकरण
वातावरण संरक्षण तथा विपद व्यवस्थापन
सहकार्य र समन्वय

## अनुसूची-४

### बागमती गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा



## अनुसूची-५

सामाजिक परीक्षणमा उपस्थितिको विवरण

# सामाजिक परीक्षण विधि र प्रक्रिया सम्बन्धी सरोकारवालासँग

## अभिमुखीकरण तथा छलफल

१४ माघ २०८१

**भट्टेडाँडा, ललितपुर**

**आयोजक :** बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,भट्टेडाँडा, ललितपुर

**सहजीकरण :** हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सि एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुर

उपस्थिति विवरण

| क्र.सं | नाम,थर | कार्यालय वा संस्था | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री बिर ब. लोचन | बागमती गा.पा. | अध्यक्ष | 9841335585 | [illegible] |
| २. | श्री भक्त ब. पलामी मगर | 〃 | उपाध्यक्ष | 9851226542 | [illegible] |
| ३. | श्री राममणि काफ्ले | 〃 | प्र.प्र.अ. | ९८५१९२८०३८ | [illegible] |
| ४. | श्री ज्ञान ब. लो | 〃 | वडा नं १ अध्यक्ष | ९८५१९६६५१९ | [illegible] |
| ५. | श्री राम ब. थुलुन तामाङ | 〃 | वडा नं २ 〃 | | |
| ६. | श्री नवराज खड्का | 〃 | वडा नं ३ 〃 | 9843701772 | [illegible] |
| ७. | श्री राम कुमार लामा | 〃 | वडा नं ४ 〃 | 9849123844 | [illegible] |
| ८ | श्री नारायण थोम्जान | 〃 | 〃 -५ | [illegible] | |
| ९. | श्री नवराज तिमल्सिना | | 〃 -७ | ९८५१०६८८३० | [illegible] |
| १०. | श्री होम प्र. बजगाई | | 〃 -6 〃 | [illegible] | |
| ११. | श्री सुनमाया थिङ | | वडा नं. १ | ९८६४०६६५६६ | [illegible] |
| १२. | श्री सरस्वती मोक्तान | | वडा नं. 2 | 9848585273 | [illegible] |
| १३. | श्री भिमकुमारी मोक्तान | | वडा नं. ५ | ९८६९०२८०५२ | भिमकुमारी |
| १४. | श्री सुशिला सुनार | | वडा नं. ३ | ९८६३८२६२६२ | सुसीला |
| १५. | श्री रमेश घले | | गा.पा. | | |
| १६. | श्री राजु कालिकोटे | | 〃 | ९८६९६८०९६६ | [illegible] |

| क्र.सं | नाम,थर | आबद्धता | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १७ | लक्ष्मी ओरथान | मेडपा शाखा | उ.नि.नि. | ९८०६४६३२० | [illegible] |
| १८ | रूपा तिमल्सिना | मेडपा ,, | ,, | ९८६०८४८६४३ | [illegible] |
| १९ | संजय सिंह थिङ | शिक्षा शाखा | प्र.अ. | ९८४८०५१३६३ | [illegible] |
| २० | [illegible] लामिछाने | शिक्षा शाखा | स्रोत व्यक्ति | ९८४१५०३०४४ | [illegible] |
| २१ | प्रेमकुमार पुरी | शिक्षा शाखा | [illegible] | 9869304440 | [illegible] |
| २२ | रोशनी कार्की | स्वास्थ्य शाखा | सि.अ.न.मी | ९८४०९६३६३५ | रोशनी |
| २३ | निर्मल राज घिमिरे | बागमती गापा | प्र.प्र.अ. | ९८५१२२२२१० | [illegible] |
| २४ | अम्बा बान्तोला | महिला बा.शाखा | म.वि.नि. | ९८६२६४९५५० | [illegible] |
| २५ | स्वरुप कार्की | शाखा लेखा आर्थिक | ले.अ. | ९१६०४४४६५२ | [illegible] |
| २६ | माधव पौडेल | पञ्जीकरण शाखा | MIS operator | ९८५९८३६४२१ | [illegible] |
| २७ | नवराज दुमाराडे | H.H.C and R.C. | सामाजिक परिचालक | ९८६६६४८०८४ | [illegible] |
| २८ | उमङ मैनाली | हेल्पिङ हेन्ड्स | ,, | ९८२४०४०४८३ | [illegible] |
| २९ | लक्ष्मी घिमिरे | म.बा.प्रा. | सामाजिक परिचालक | ९८६०९०८४६०९ | [illegible] |
| ३० | सुशीला सुनार | महिला स्वास्थ्य बा.गा.पा | म.सदस्य | ९८६३९२६२६२ | सुशीला |
| ३१ | पुष्पा थिङ | बा.गा.पा. | म.सदस्य | ९८६०१०२६२१ | [illegible] |
| ३२ | भिम कुमारी गोमलाल | ,, | म.सदस्य | ९८६९०२८०८४ | [illegible] |
| ३३ | सरस्वती दहाल | ,, | स्वास्थ्य स्वयंसेविका | ९८४०२६२६६४ | सरस्वती |
| ३४ | सुशिला दहाल | आमा समूह | कोषाध्यक्ष | ९८६६६६१६२८ | सुशिला |
| ३५ | पवित्रा तिमल्सिना | बा.गा.पा.३ | स्वयंसेविका | ९८४५२६०४६८ | पवित्रा |
| ३६ | लुप्त कुमारी घिमिरे | सहकारी संस्था | सदस्य | ९८४३५१६५६४ | लुप्त |
| ३७ | समिर श्रेष्ठ | स्वास्थ्य शाखा | अ.स्वा.नि. | ९८४११९३४६२ | [illegible] |
| ३८ | राम प्रसाद घिमिरे | पशु सेवा शाखा | [illegible] | ९८४५९९८१६३ | [illegible] |
| | | | | | |
| | | | | | |

# अनुसूची-६

## समुदायमा भरिएको फारामको नमूना

**बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-६ अनुसार**

(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)

**बागमती गाउँपालिका, ललितपुर**

**योजनाको प्रगती विवरण**

(आ.व २०८०/०८१ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | आयोजना नाम : प्युटार खेलकुद मैदान निर्माण | | | | | | | | |
| २. | संचालन संचालन भएको ठेगाना : बागमती गाउँपालिका वडा नं ...४...... | | | | | | | | |
| ३. | आयोजना सुरु भएको मिति | २०८१।३।२ | | | योजना सम्पन्न मिति | | २०८१।३।२० | | |
| ४. | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार (....✓.......) | कृषि | पशु | सचेतना | अन्य |
| ५. | आयोजनाको बजेट | कूल :..५ लाख......... | | | स्थानीय सरकार ✓ .......................... | साझेदारी ............ | अन्य (केही भए) ...................... | | |
| ६. | आयोजनाका मुख्य उपलब्धि/सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु (**बुँदागत**) | | | | | | | | |
| | - युवाहरुको लागि सुविधायुक्त खेलमैदान निर्माण,<br>- मर्निङ वाकको लागि सहजता भएको,<br>- मानिसहरु जमघट हुने,<br>- राजनैतिक तथा ठूला कार्यक्रमलाई सहजता भएको। | | | | | | | | |
| ७. | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (**बुँदागत**) | | | | | | | | |
| | - सिमाना विवाद,<br>- ठुला ढुंगा निस्कनु,<br>- बजेट कम हुनु,<br>- योजना स्थलसम्म जोड्ने बाटोको अभाव,<br>- जनसहभागीता जुटाउन समस्या। | | | | | | | | |
| ८. | आयोजनाबाट भएका मुख्य सिकाई (**बुँदागत**) | | | | | | | | |
| | - पर्याप्त बजेट सहित दीगो रुपमा निर्माण गर्ने सिकाई लगाउनु पर्ने। | | | | | | | | |
| ९. | आयोजनामा भएका मुख्य काम/के-के काम गरियो ? (**बुँदागत**) | | | | | | | | |
| | - मैदान सम्याउने,<br>- ढुङ्गा हटाउने। पन्छाउने,<br>- खेलमैदानको पर्खाल निर्माण। | | | | | | | | |
| १०. | आयोजनाले लक्षित वर्गमा पारेको सकरात्मक प्रभाव/योजनाले के फाइदा पुग्यो ? (**बुँदागत**) | | | | | | | | |
| | - खेलकुदका लागि अत्यन्त राम्रो भएको।<br>- ठुला कार्यक्रम संचालनको लागि पर्याप्त ठाउँ भएको। | | | | | | | | |
| ११. | लाभान्वित संख्या | **घरधुरी** (सरदर) | | ...१५० | | **जनसंख्या** (सरदर) | ६०० | | |
| १२. | **उपभोक्ता समितिको विवरण** | | | **सम्पर्क नं** | | | | | |
| क | अध्यक्ष ...दिपक तामाङ....... | | | ९८६८४२००६४ | | | | | |
| ख | सचिव ....प्रमिला दाहाल..... | | | | | | | | |

**बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-६ अनुसार**
(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)
**बागमती गाउँपालिका, ललितपुर**

**योजनाको प्रगती विवरण**
(आ.व २०८०/०८१ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | आयोजना नाम : सम्बाटोल जाने सडक निर्माण | | | | | | | |
| २. | संचालन संचालन भएको ठेगाना : बागमती गाउँपालिका वडा नं ...६...... | | | | | | | |
| ३. | आयोजना सुरु भएको मिति | २०८१।१।२२ | | योजना सम्पन्न मिति | | २०८१।२।२५ | | |
| ४. | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार (.....✓.....) | कृषि | पशु | सचेतना | अन्य |
| ५. | आयोजनाको बजेट | कूल :..२,००,०००।-.. | | स्थानीय सरकार ...✓... | साझेदारी ........... | अन्य (केही भए) ........ | | |
| ६. | आयोजनाका मुख्य उपलब्धि/सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु (बुँदागत) | | | | | | | |
| | - नयाँ सडक निर्माण,<br>- प्युटार-गिम्दी मूल सडक संजालमा जोडिएको.<br>- कृषि उत्पादन बेचबिखनमा सहजता<br>- आवत जावतमा सहजता भएको<br>= विद्यालय जान, चौपाया हिँडन समेत सहज । | | | | | | | |
| ७. | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (बुँदागत) | | | | | | | |
| | - जनश्रमदान जुटाउन समस्या,<br>- समयमा JCB नपाएको,<br>- बजेट अत्यन्त न्युन भएको । | | | | | | | |
| ८. | आयोजनाबाट भएका मुख्य सिकाई (बुँदागत) | | | | | | | |
| | - पर्याप्त बजेट आवश्यक ।<br>- श्रमलाई प्राथमिकता दिनुपर्ने ।<br>- वातावरणीय पक्षलाई ध्यानदिनु पर्ने । | | | | | | | |
| ९. | आयोजनामा भएका मुख्य काम/के-के काम गरियो ? (बुँदागत) | | | | | | | |
| | - नयाँ सडक JCB मार्फत गरिएको ।<br>- उपभोक्ता समितिको सक्रियता ।<br>- पहाड कटान गरि निर्माण । | | | | | | | |
| १०. | आयोजनाले लक्षित वर्गमा पारेको सकरात्मक प्रभाव/योजनाले के फाइदा पुग्यो ? (बुँदागत) | | | | | | | |
| | - दैनिक आवत-जावतमा सहजता हुनुको साथै यातायातको पहुँचमा सम्बाटोल जोडिएको ।<br>- करिब ५० घरधुरीका २०० जनालाई प्रत्यक्ष फाइदा पुगेको । | | | | | | | |
| ११. | लाभान्वित संख्या | घरधुरी (सरदर) | ......५० | जनसंख्या (सरदर) | २०० | | | |
| १२. | **उपभोक्ता समितिको विवरण** | | **सम्पर्क नं** | | | | | |
| क | अध्यक्ष ..मेहोलाल..सम्बा....... | | ९८६४२२२२९५ | | | | | |
| ख | सचिव ..शान्ति..सिंगार......... | | ९८६०९९५८६९२ | | | | | |

# अनुसूची-७

## सामाजिक परीक्षणको केही तस्वीर






सामाजिक परीक्षण विधि तथा प्रक्रिया सम्बन्धी अभिमुखीकरणमा सहजीकरण गर्नुहुँदै सुशासन बिज्ञ श्री उमङ्ग मैनाली ।



सामाजिक परीक्षण विधि तथा प्रक्रिया सम्बन्धी अभिमुखीकरणका सहभागीहरु ।



सामाजिक परीक्षण विधि तथा प्रक्रिया सम्बन्धी अभिमुखीकरणपछि वडा अध्यक्षहरुसँगको सामुहिक तस्वीर ।



सामाजिक परीक्षणको अभिमुखीकरणको क्रममा गापा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको साथ सुशासन बिज्ञ ।



सामाजिक परीक्षणको लागि स्वास्थ्यसँग सम्बन्धित शाखा प्रमुख श्री समिर श्रेष्ठसँग सुचना संकलन गर्नुहुँदै सुशासन बिज्ञ श्री उमङ्ग मैनाली




गाउँपालिका अध्यक्ष श्री बिर बहादुर लोप्चनसँग सामाजिक परीक्षणको लागि अत्यावश्यक सुचना संकलन गर्दै ।



गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री राममणि काफ्लेसँग सामाजिक परीक्षणको लागि अत्यावश्यक सुचना संकलन गर्दै ।



गाउँपालिकाको सुचना अधिकारी श्री मिलन शर्मा घिमिरेसँग सामाजिक परीक्षणको लागि अत्यावश्यक सुचना संकलन गर्दै ।




सामाजिक परीक्षणको लागि गाउँपालिकाको शिक्षा शाखासँग सम्बन्धित अत्यावश्यक सुचना शिक्षा अधिकृत श्री प्रेम कुमार पुरीसँग संकलन गर्दै



सामाजिक परीक्षणको लागि गाउँपालिकाको महिला, बालबालिका तथा समावेशीकरण शाखासँग सम्बन्धित अत्यावश्यक सुचना संकलन गर्दै ।




गाउँपालिकाको पञ्जीकरण शाखासँग सम्बन्धित अत्यावश्यक सुचना संकलन गर्दै सामाजिक परीक्षक श्री नवराज प्रसाद हुमागाईं ।





गाउँपालिकाको कृषि शाखासँग सम्बन्धित अत्यावश्यक सुचना संकलन गर्दै ।




बागमती गाउँपालिकाले तयार पारेको हाम्रो बागमती नामक स्थानीय विषयको पाठ्यक्रम ।




बागमती गाउँपालिकाले बालमैत्री स्थानीय शासनको घोषणाको लागि गरेको सामुहिक प्रतिबद्धता ।




बागमती गाउँपालिकाले जनचेतनाको लागि प्रकाशन गरेको बिहेबारी २० वर्ष पारी नामक सुचना सामग्री ।



वडा नं ४ मा निर्माण भएको थाङसिङटार चौतारोको सामाजिक प्रभावकारी विषयमा छलफल गर्दै सामाजिक परीक्षक नबराज हुमागाईं



वडा नं ७ मा निर्माण भएको चतुर्मुखी बाघ मन्दिरको तस्वीर ।

## अनुसूची-८
## सामाजिक परीक्षणमा संलग्न व्यक्तिको विवरण

श्री उमङ्ग मैनाली-सुशासन बिज्ञ
श्री नबराज प्रसाद हुमागाईं-सामाजिक परीक्षक

**प्राविधिक सहयोग/परामर्शदाता**

Helping Hands Consultancy & Resource Center Pvt. Ltd.
हेल्पीङ्ग् ह्याण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि
Madhyapur Thimi-3, Bhaktapur

# बागमती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**भट्टेडाँडा, ललितपुर**

बागमती प्रदेश, नेपाल